म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २०६ शुक्रबार, २३ फागुन २०८१ ने. सं. ११४५ चिल्लाथ्व 7 March 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सिभिल इन्जिनियर आवश्यक

हेटौंडास्थित नयाँ भवन निर्माणाधीन हुन गइरहेकाले एक वर्षको लागि फुल-टाइम सिभिल इन्जिनियरको आवश्यकता छ ।

☞ कम्तीमा ३ वर्षको अनुभव अनिवार्य ।

☞ पारिश्रमिक आपसी समझदारी अनुसार तय गरिनेछ ।

**सम्पर्कः**

०५७-५२०४२९, ९८५५०६९५६०

९८५१०३१०७२

# चुनावको टिकट 'मलाई होइन उसलाई' भनेको दिन कांग्रेस हार्दैन

साझाकुरा संवाददाता

हेटौंडा, २२ फागुन/ नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले टिकट लिने समयमा 'म हैन उ' भनेको दिन कांग्रेसले नहार्ने दावी गरेका छन् ।

नेपाली कांग्रेस मनहरी गाउँपालिकाले आयोजना गरेको क्रियाशील तथा अगुवा कार्यकर्ता भेटघाटका प्रमुख अतिथि शर्माले आफैंलाई पद चाहिने र नपाउने वित्तिकै विद्रोह गर्ने प्रवृत्तिका कारण कांग्रेसले हार व्यहोर्ने गरेको धारणा राखे । कांग्रेस बलियो छ भन्ने उपनिर्वाचनबाट प्रष्ट भैसकेको जानकारी दिँदै उनले प्राप्त उपलब्धीको रक्षा गर्दै कांग्रेसको नेतृत्वमा भएका राम्रा काम लिएर जनतामा जानुपर्ने सुझाए । जनताको निराशालाई चिर्दै जनअपेक्षा अनुसार काम गर्न दुई ठूला दल कांग्रेस र एमालेको बीचमा सहकार्य भएको महामन्त्री शर्माले प्रष्ट पारे ।



उनले भने, 'धेरैले २०८४ सालको चर्चा गर्छन्, हामीले गर्ने गरेका छौं । तर, अहिले क्रियाशील जनप्रतिनिधिले २०८४ किन पर्खनुपर्ने, अहिल्यै जनतासामु देखिने काम गर्नु पर्दैन ?' महामन्त्री शर्माले २०७९ सालको चुनावदेखि २०८४ साल र २०८४ देखि २०८९ सालभन्दै चुनावको मात्र चिन्ता गरिरहने हो भने देशको बारेमा कहिले चिन्ता लिने ? भन्दै प्रश्न गरे । अन्य राजनीतिक पार्टी र विपक्षीलाई गाली नगरी पनि राजनीति गर्न सकिने स्पष्ट पार्दै राजनीतिक शब्दावलीमा गाली भन्ने शब्द नै प्रयोग गर्न नहुने उनको भनाइ छ ।

'कतिबेला सरकार ढल्छ र कोसँग मिलेर सरकार बन्छ भन्ने अन्यौलता जनतामा रहिरहने अवस्था भएकोले एमालेसँग मिलेर सरकारमा गएका हौं । यसबाट जनतामा आशा पलाएको छ' महामन्त्री शर्माले भने । मुलुकको विकासका लागि जे भएको छ हाम्रै कांग्रेसको कारणले भएको दावी गर्दै उनले अब जे हुन्छ कांग्रेसकै कारण हुने प्रष्ट पारे । अहिले सामाजिक सञ्जालमा हार्दिक श्रद्धाञ्जली लेख्नेहरुले हार्दिक जिन्दावाद भनेर कांग्रेसलाई भोट हाल्ने अवस्था बनाउन सबै एक भएर लागिपनुपर्ने उनको भनाई थियो ।

निराश हुनुपर्ने कुनै कारण नहरेको भन्दै उनले आफूहरु देश बनाउने अभियानमा लागिपरेको जानकारी दिए । पछिल्लो समय एकअर्कालाई आरोपप्रत्यारोप गर्ने र गालीगलौज गर्ने प्रवृत्ति बढेकोप्रति चिन्ता व्यक्त गर्दै महामन्त्री शर्माले राजनीतिको डिस्नेरीबाट 'गाली' शब्दलाई हटाउन जरुरी रहेको बताए । मनहरी क्षेत्रमा धेरै भूमिहीन सुकुम्बासी रहेको प्रसंगमा उनले सुकुम्बासीलाई लालपुर्जा दिलाउन लागिपर्ने प्रतिबद्धता जनाए ।

कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँले व्यवस्थामाथि आक्रमण हुन खोजेकोले एमालेसँगको गठबन्धन सरकार बनाइएको दावी गरे । राजनीति गर्नेले निराशाको कुरागर्न नहुने भन्दै उनले समस्या भए समाधान गर्नुपर्ने धारणा राखे । कांग्रेस एमालेले संविधान संशोधन गरेसँगै जनतामा थप भरोसा पलाउने बानियाँको दावी थियो । राजनीतिको आडमा गलत गर्ने नयाँ पुरानो जुनसुकै पार्टीको भएपनि कारबाहीको दायरामा आउनु पर्नेमा नेता बानियाँले जोड दिए ।

भूमिहीन सुकुम्बासीको लालपुर्जाको समस्या हल गर्न लागिपर्ने उनको पनि प्रतिबद्धता थियो । कार्यक्रममा मनहरी गाउँपालिकामा रहेका अगुवा नेता कार्यकर्तालाई दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरिएको थियो । कार्यक्रममा एमाले, माओवादीलगायत दल परित्याग गरी १७ जना नेपाली कांग्रेसमा प्रवेश गरेका थिए । पार्टी प्रबेश गर्नेहरुलाई स्वागत गरिएको थियो ।

कांग्रेस मनहरी गाउँपालिका सभापति प्रकाश बर्तौलाको अध्यक्षतामा भएको कार्यक्रममा कांग्रेस मकवानपुर सभापति बुद्ध लामा, निवर्तमान कार्यबाहक सभापति विष्णु लामिछाने, बागमती प्रदेशका पूर्वराज्यमन्त्री सन्तबहादुर चेपाङ, मनहरी गाउँपालिका सभापति रञ्जन कालाखेतीलगायत नेताले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा नेपाली कांग्रेसका क्रियाशील सदस्य ब्यवस्थापनका विषयमा पनि छलफल भएको बताइएको छ ।

# प्रदेश सरकारको सहयोगमा ९७ स्कुलमा विद्यार्थीलाई बससेवा



साझाकुरा संवाददाता

हेटौंडा, २२ फागुन/ सामुदायिक विद्यालयलाई अब्बल बनाउँदै शिक्षामा सबैको पहुँच बढाउने उद्देश्यले सामाजिक विकास मन्त्रालयले विद्यालय बससेवा अनुदान कार्यक्रमअन्तर्गत सामुदायिक विद्यालयलाई बस सहयोग गर्दै आइरहेको छ । आव २०७६/७७ देखि मन्त्रालयले सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको सुविधाको लागि बससेवा सञ्चालन गर्न प्रतिविद्यालय २५ लाख रुपैयाँ सहयोग गरेको हो ।

मन्त्रालयका सचिव बद्रीनाथ गैरेका अनुसार प्रदेशका १३ जिल्लामध्ये धेरै विद्यार्थी हुने, टाढाबाट आउनुपर्ने अवस्था भएका विद्यालयको मापदण्ड हेरेर बससेवा सञ्चालन गर्न २५ लाख रुपैयाँ उपलब्ध गराएको हो । सामुदायिक विद्यालयमा बससेवाले शैक्षिक गुणस्तरलाई सहयोग पुऱ्याउने अपेक्षा सरकारले लिएको छ । स्कुलमा बसको सुविधा भएपछि विद्यार्थी थकित पनि नहुने र पढाईमा पनि असर नगर्ने मन्त्रालयको विश्वास छ ।

सामाजिक विकासमन्त्री हरिप्रभा खड्कीले विद्यालयमा बससेवा सञ्चालन भएपछि टाढाका विद्यार्थीको कक्षा छुट्ने समस्या समाधान भएको बताइन् । मन्त्रालयले हालसम्म ९७ वटा विद्यालयलाई बस खरिद गर्न २५/२५ लाख रुपैयाँ पठाइसकेको छ । अपुग रकम विद्यालय आफैंले थपेर बस खरिद गरी सञ्चालनमा ल्याएका छन् । बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको सहयोगमा स्कुल बस सञ्चालनमा आएपछि ग्रामीण क्षेत्रका विद्यालयमा अध्ययनरत् विद्यार्थीलाई स्कुल आउजाउ गर्न सहज भएको छ ।

सबैभन्दा धेरै मकवानपुरका २४ वटा सामुदायिक विद्यालयमा स्कूलबस सञ्चालनमा छन् । त्यसैगरी काभ्रेपलाञ्चोकका १४ वटा, सिन्धुलीमा ५, सिन्धुपाल्चोकमा ७, चितवनमा ८ र धादिङका ८ वटा सामुदायिक विद्यालयमा बस सञ्चालनमा छन् । यसैगरी काठमाडौंमा ८, ललितपुरमा ३, भक्तपुरमा ३, दोलखामा ४, नुवाकोटमा ७, रामेछापमा ३ र र सुवामा २ वटा सामुदयिक विद्यालयमा बस सञ्चालनमा आइरहेका छन् ।

सामाजिक विकास मन्त्रालयले चालु आव २०८१/८२ का लागि थप २३ वटा विद्यालयमा बस सञ्चालन गर्नका लागि २५/२५ लाख रुपैयाँ पठाइसकेको शिक्षा निर्देशानलयका निर्देशक खुविराम अधिकारीले जानकारी दिए । अधिकारीका अनुसार चालू आवमा काठमाडौंमा २, दोलखामा २, धादिङमा २, नुवाकोटमा २, भक्तपुरमा २, मकवानपुरमा २, रामेछापमा २, ललितपुरमा २, सिन्धुपाल्चोकमा १, सिन्धुलीमा १, काभ्रेपलाञ्चोकमा २, चितवनमा २ र रसुवामा १ बस सञ्चालन लागि २५/२५ लाख रुपैयाँ निकासा गरिसकेको छ ।

सामुदायिक विद्यालयमा बस सञ्चालनमा आएपछि पढाई पनि गुणस्तरीय बन्दै गएको र विद्यालयमा विद्यार्थीको उपस्थिति बढेको थाहा नगरप्रमुख विष्णु विष्ट बताउँछन् । थाहानगरका अधिकांश सामुदायिक विद्यालयमा बस सञ्चालनमा छन् । मकवानपुरका केही विद्यालयले बस संचालन गर्न नसक्ने भन्दै विद्यार्थीलाई साइकल बितरण गरेका छन् । मनहरीको पशुपतिनाथ माविले गतवर्ष गाउँपालिकाको सहयोगमा विद्यालयमा एक सय १५ थान साइकल बितरण गरेको थियो ।

# हेटौंडा अटोमोवाइल्सको टोली ढल्केवरको प्लान्ट भिजिटमा



साझाकुरा संवाददाता

हेटौंडा, २२ फागुन/ हेटौंडा अटोमोवाइल्स एसोसिएसनका पदाधिकारी तथा कार्यसमिति सदस्यले यूनाईटेड लुब्रिकेन्ट्सको प्लान्ट भिजिट गरेका छन् ।

एसोसिएसनका अध्यक्ष ऋषिकुमार ढकालको नेतृत्वमा गएका २० जना प्रतिनिधि मण्डलले धनुषाको ढल्केवरस्थित प्लान्ट भिजिट गरेका हुन् ।

प्लान्ट भिजिटका क्रममा एसोसिएसनका पदाधिकारीले यूनाईटेड लुब्रिकेन्ट्स इन्डस्ट्रिजमार्फत् उत्पादन हुने लुब्रिकेन्ट्सको गुणस्तरबारे जानकारी लिए । सोही कार्यक्रमको अवसरमा लुब्रिकेन्ट्स उत्पादनको प्रक्रिया, गुणस्तरको चेकजाँच, एपिआई सर्टिफिकेसन र प्रोडक्ट रेन्जका बारेमा अन्तरक्रिया गरिएको कम्पनीका बिजनेस हेड दिनेश खनालले जानकारी गराए ।

यूनाईटेड लुब्रिकेन्ट्स इन्डस्ट्रिजले अटोमोटिभ र इन्डष्ट्रियल प्रयोजनमा प्रयोग हुने सबै रेन्जका भिडोल, नेपाल गोल्ड तथा दिब्योल लुब्रिकेन्ट्स उत्पादन गरी बिक्रीवितरण गर्दै आएको छ । कम्पनीले भिडोल इन्टरनेसनलसँग टेक्नोलोजी ट्रान्सफर गरी यसको ट्रेडमार्क प्रयोग गरेर लुब्रिकेन्ट उत्पादन गर्दै आएको हो । लुब्रिकेन्ट उत्पादनका लागि आवश्यक उपकरण तथा अन्य कच्चापदार्थ सबै गुणस्तरीय प्रयोग गरिएका कारण यस उद्योगबाट उत्पादित लुब्रिकेन्ट्सको माग बजारमा बढ्दै गएको कम्पनी भनाई छ ।

अटोमोवाइल पार्ट्सको व्यवसाय गर्दै आएको अग्रणी कम्पनी सत्यदीप ग्रुपको अगुवाईमा युनाइटेड लुब्रिकेन्ट्स इन्डष्ट्रिजको स्थापना भएको हो । भिडोल नेपालमै उत्पादन हुने गल्फ पछिको दोस्रो बहुराष्ट्रिय ब्रान्ड समेत हो ।

# बागमती गाउँपालिकामा भूमि समस्याबारे छलफल

साझाकुरा संवाददाता

हेटौंडा, २२ फागुन/ बागमती गाउँपालिकाले पालिकाभित्र रहेको भूमिसम्बन्धी समस्या समाधानका लागि प्रथम चरणको अन्तरक्रिया गरेको छ ।

बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानको अध्यक्षता एवम् भूमि समस्या समाधान आयोग मकवानपुरका अध्यक्ष बलराम बलको प्रमुख आतिथ्यतामा छलफल भएको हो ।

नापी भईसकेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित भूमिहिनलाई जग्गा प्रदान गर्नको लागि अन्तरक्रिया तथा छलफल भएको भूमि समस्या समाधान आयोग मकवानपुरका सदस्य कविन सांगामीले जानकारी दिए ।

बागमती गाउँपालिकाका ९ वटा वडामध्ये १ देखि ८ नम्बर वडासम्म नापी भईसकेको र ९ नम्बर वडामा जग्गा नापीको काम भइरहेको छ । लामो समयदेखि भूमिहिन व्यक्तिलाई जग्गा प्राप्तिका लागि आयोगले काम गर्ने भूमि समस्या समाधान आयोग मकवानपुरका अध्यक्ष बलले बताए ।

बागमती गाउँपालिका उपाध्यक्ष फणिन्द्र तिमल्सिना, ३ नम्बर वडाअध्यक्ष कमानसिंह पाखिन, ५ नम्बर वडाअध्यक्ष विजयकुमार भोलन, ६ नम्बर वडाअध्यक्ष टेकबहादुर डिमडुङ, ७ नम्बर वडाअध्यक्ष उत्तरबहादुर घलान, ९ नम्बर वडाअध्यक्ष पूर्णराम घलान, भूमि समस्या समाधान आयोग मकवानपुरको विज्ञ सदस्य अर्जुनप्रसाद चौलागाई, सदस्य डिलमाया घर्ती, मालपोत कार्यालय मकवानपुरका प्रमुख र घुवंश कँडेल, नापी कार्यालय मकवानपुरका प्रमुख खीमबहादुर रानालगायत स्थानीयको उपस्थिति रहेको थियो ।

# हेटौंडा-६ को रानी वन अवलोकन

साझाकुरा संवाददाता

हेटौंडा, २२ फागुन/मोरङबाट आएको सामुदायिक वनका पदाधिकारीले हेटौंडा-६ को रानी सामुदायिक वन उपभोक्ता समूहको अवलोकन गरेका छन् ।

मोरङमा रहेको कमलपुर सामुदायिक वनका पदाधिकारी, जनप्रतिनिधि, सल्लाहकार, वनका कर्मचारी, उपभोक्ता लगायतले रानी सामुदायिक वनको अवलोकन गरेका हुन् । सामुदायिक वनका अवलोकनकर्तालाई समूहका कार्यालय सचिव भीमसेन पौडेल र वनहेरालु हरिचन्द्र सापकोटाले समूहले गरेका विभिन्न कार्यको बारेमा जानकारी गराएका थिए ।

सहभागीलाई वन ब्यवस्थापन, वन सदुपयोग, महिला सहभागिता, वनडँढेलो नियन्त्रण, सामाजिककार्य, आयआर्जन, पर्यापर्यटन लगायत विषयमा जानकारी गराएका थिए ।

कमलपुर सामुदायिक वनका अध्यक्ष गोपाल श्रेष्ठको नेतृत्वमा आएको भ्रमणदलमा ३० जनाको सहभागिता रहेको थियो । हालसम्म रानी सामुदायिक वनको ५ सय ७० भ्रमणटोलीले अवलोकन गरिसकेको समूहले जनाएको छ ।

# आयुर्वेद अस्पतालको अध्यक्षमा ढकाल

साझाकुरा संवाददाता

हेटौंडा, २२ फागुन/ बागमती प्रदेश सरकारले आयुर्वेद तथा वैकल्पिक चिकित्सालय मकवानपुरको सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्षमा हेटौंडाका अर्जुन ढकाल नियुक्त गरेको छ । प्रदेश सरकारका स्वास्थ्य मन्त्री किरण थापाले बुधबार मन्त्रीस्तरीय निर्णयबाट ढकाललाई अध्यक्ष नियुक्त गर्ने निर्णय गरेका हुन् ।

नवनियुक्त अध्यक्ष ढकालले बिहीबार मन्त्री थापाबाट नियुक्तिपत्र बुझेका छन् । अध्यक्षको कार्यकाल ४ वर्षको हुनेछ । आयुर्वेद तथा बैकल्पिक चिकित्सालय हेटौंडा-२ बनस्खण्डी रोडमा रहेको छ । भाडाको घरमा सञ्चालन भइरहेको चिकित्सालयको हेटौंडा उपमहानगर पालिका कार्यालय अगाडि १६ सैयाको अस्पताल सञ्चालन गर्ने योजनासहित भवन निर्माण भइरहेको छ ।

२०८२ बैशाखसम्ममा निर्माण कम्पनिले भवन सम्पन्न गरी हस्तान्तरण गर्ने सम्झौता भएको छ । आयुर्वेद तथा वैकल्पिक चिकित्सालय हेटौंडामातहत मकवानपुरको थाहा नगरपालिकासँगै मनहरी, बकैया, बागमती, इन्द्रसरोवर र कैलाश गाउँपालिकामा नागरिक आरोग्य केन्द्र सञ्चालनमा रहेको छ ।

## सम्पूर्ण ब्राण्डका गाडी

### एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर

☞ वायरिङ मर्मत

☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ

☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने

☞ डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ

☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट

☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने

☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# गाईको गोवरमा परनिर्भरता ?

नेपालले भारतबाट गाईको गोबर किन्न थालेको छ । गाईको गोवर पनि विदेशबाट आयात गर्न थालेपछि मुलुकको समृद्धि कता जाँदैछ भनेर आंकलन गर्न गाह्रो छैन । गुन्द्रुक, मस्यौरा, आयात भइरहेको समाचार यसअघि नै आएका थिए । पशुपालन गर्नेको संख्या घट्दै गएपछि भारतबाट गाईको गोवर आयात हुन थालेको बताइएको छ । भारतले गाईको गोवर निर्यात गर्ने शीर्ष ५ देशमा नेपाल पनि परेको छ । नेपालले चालु आर्थिक वर्षको ७ महिनामा ३ लाख ६७ हजार ४ सय ६१ केजी गोबर आयात गरेको छ । यो परिमाण रकममा भने ७ करोड ८ लाख ४३ हजार बराबरको भएको बताइएको छ । भन्सार विभागका अनुसार नेपालमा 'एनिमल अर भेजिटेबल फर्टिलाइजर' शीर्षकमा गाइवस्तुको मलमुत्रबाट बनेको गोवरमल आयात हुने गरेको छ । कृषिप्रधान देशको रुपमा रहेको नेपालमा पशुपालन पनि मुख्य पेशाका रुपमा रहँदै आएको छ । तर, नेपालमा तथ्यांकले नै मासिक करोडौं रुपैयाँको गाइवस्तुको मल आयात भएको देखाउँछ । भारतले आर्थिक वर्ष २०२३/२४ मा ३८६ करोड भारतीय रुपैयाँ (६ अर्ब १७ करोड नेपाली रुपैयाँ) को गाईको गोबर अन्य देशमा निर्यात गरेको छ । यो तथ्यांक धेरैलाई अचम्म लाग्न पनि सक्छ ।

कृषि तथा अर्गानिक उत्पादनको बढ्दो मागका कारण अन्तर्राष्ट्रिय बजारमा भारतीय गोवर मलको ठूलो माग रहेको छ । गोबर किन्ने शीर्ष ५ देशमा माल्दिभ्स, अमेरिका, सिंगापुर, चीन र नेपाल रहेका छन् । यी देशमा भारतीय गाईको गोबर जैविकखेती, खाद्यउत्पादन, कागजउत्पादन र ऊर्जा स्रोतमा प्रयोग गरिने बताइएको छ । गाईको गोबर अर्गानिक खेतीका लागि उत्तम खाद्य मानिन्छ । यसबाट बायोग्यास उत्पादन गरिन्छ, जसले हरितऊर्जा उत्पादनमा मद्दत गर्दछ । धेरै देशमा गाईको गोबरबाट बनेको कागज, मैनबत्ती र सजावटका वस्तु लोकप्रिय छन् । गोवर निर्यातले भारतलाई आर्थिकरुपमा मात्र फाइदा पुऱ्याएको छैन, पशुमा आधारित अर्थतन्त्रलाई पनि बलियो बनाएको भारतीय अर्थबिद्ले बताएका छन् । गोबर किसानको आम्दानीको नयाँ स्रोत पनि बनेको छ । आगामी वर्षमा गोबर निर्यात अझ बढ्ने भारतका सरकारी अधिकारीले बताएका छन् । भारतीय गोवर प्याकेजिङ गरी नेपालमा बिक्री भइरहेको बताइएको छ । पूर्वीय संस्कारमा गाईको गौमूत्र, गोबर सबै पवित्र मानेर प्रयोग गरिने भएकोले गाउँघरमा सबैतिर गाईपालन गरिन्थ्यो । मृत्यु संस्कार सम्पन्न भइसकेपछि चोखिनका लागि घरमा गौमूत्र छर्कने चलन छ । पूजाआजामा पनि गौमूत्रको प्रयोग हुन्छ । गौमूत्रमा औषधीय गुण हुन्छ भन्ने मान्यता रहेको छ । अहिले अर्ग्यानिक खेतीबालीमा प्राकृतिक कीटनासकको रुपमा गौमूत्रको उपयोग गर्न थालिएको छ ।

केहीवर्ष अघिसम्म मकवानपुरको सीमभञ्ज्याङमा छाडा छोडिएको गाईको गौमूत्र औषधिको रुपमा सेवन गर्नका लागि दीर्घरोगीहरु आउने गरेका थिए । ग्रामीणक्षेत्रमा घर लिपपोत गर्नका लागि गाईको गोबर प्रयोग गरिन्छ । गोबरले लिपपोत गरेपछि घर पवित्र र सफा हुन्छ भन्ने मान्यता छ । गोबरमा पकाएको खानेकुरा स्वस्थ्यकर मानिने भएकोले नेपालका तराइक्षेत्रमा अझै पनि गुइठा बालेर खानेकुरा पकाइन्छ । गोबरमा पर्याप्त मात्रामा खनिज तत्व हुनुका साथै यसमा फोस्फोरस, नाइट्रोजन, चुना, पोटाश, म्याग्नेसियम, आइरन, सिलिकन, एल्म्युनियमको मात्रा पाइन्छ । गोबरमा अधिक मात्रामा खनिज रहेको हुदाँ यसले माटोलाई उर्बरा बनाउने कृषिबिज्ञहरु बताउँछन् । गोबरले स्वास्थ्यसम्बन्धी विभिन्न फाइदा गर्ने मान्यता छ । हातखुट्टा वा शरीरको कुनै अङ्ग जलेमा जलेको भागमा गोबर लगाउनाले जलन कम हुन्छ । मलेरिया, डेंगु वा सामान्य ज्वरो आएमा गाईको गोबरलाई गुईठा बनाएर सुघ्नाले पनि लाभ मिल्ने बताइन्छ । गाइको गोवरको महत्व धेरै भएपनि सहरीया समाजमा गाइपालन शुन्य भएको छ । गोवर र गौमूत्रसमेत भारतबाट आयात गर्न थालिएको समाचारले कृषिप्रधान मुलुकको धज्जी उडाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन २४ गते शनिबार ८ मार्च २०२५ । नवमी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ६:२३, सूर्यास्त ६:०८ । अन्तर्राष्ट्रिय नारी दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ | तुला | : मानसिक तनाव बढ्नेछ |
| वृष | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | वृश्चिक | : मनमा छट्पटि बढ्नेछ |
| मिथुन | : पवित्र कर्ममा मन जानेछ | धनु | : शत्रु पराजय हुनेछ |
| कर्कट | : घरेलु समस्याले सताउने देखिन्छ | मकर | : बुद्धि र पराक्रम बढ्नेछ |
| सिंह | : महत्वपूर्ण भेटघाट हुनेछ | कुम्भ | : नातागोतासँग भेटघाट हुनेछ |
| कन्या | : उपहार हात लाग्नसक्नेछ | मीन | : रोकिएको कामहरु बन्नेछ |

# आर्थिक परिवर्तनको हौवा



✍सन्देश पौड्याल

राजनीतिक परिवर्तनपछि मुलुक आर्थिक परिवर्तनको बाटोमा प्रवेश गर्‍यो भन्ने जुन भाष्य निर्माण गरियो, संरचनागत सुधार नभएका कारण त्यसमा विमति राख्ने प्रशस्त आधार छन् । राजनीतिक संक्रमणपछि सामाजिक परिवर्तनको जगमा आर्थिक परिवर्तनतर्फ जानुपर्नेमा सामाजिक परिवर्तनलाई गोलमटोल रूपमा लिएको वा त्यसको अवमूल्यन गरेको प्रतित हुन्छ, जसका कारण आर्थिक परिवर्तनको जग निकै कमजोर भएको छ । प्राज्ञिक अध्यनले संक्रमण व्यवस्थापनमा दुई मूलभूत सिद्धान्त हुन्छन् भन्ने देखाउँछ । एउटा 'बिग ब्यांग' दृष्टिकोण, जसले भन्छ- परिवर्तनका लागि गति सबैभन्दा महत्वपूर्ण हुन्छ । त्यसैले सबै किसिमका परिवर्तन एकैसाथ अगाडि बढाउनुपर्छ र राजनीतिक परिवर्तनलाई संस्थागत गर्न र अपरिवर्तनीय बनाउन सबै सुधारका प्रयास द्रुत गतिमा अगाडि बढाउनुपर्छ ।

त्यसको विपरीत अर्को सिद्धान्तले क्रमबद्ध सुधारलाई जोड दिएको हुन्छ, जसका अनुसार आर्थिक परिवर्तनका आधार तयार नगरी अघि बढ्दा राजनीतिक परिवर्तन पनि दिगो हुँदैन । पहिलो सिद्धान्तका विश्वव्यापी असफलताहरुबाट सिक्न सकेको देखिंदैन । आर्थिक परिवर्तनका आधारहरु- शिक्षा, स्वास्थ्य, उद्यमशीलता प्रवर्द्धन, कानुनी शासन, पारदर्शी र जवाफदेही नीति निर्माण अनि कार्यान्वयनमा आवश्यक गृहकार्य नगर्दा अहिले नेपालको आर्थिक परिवर्तनको नारा फगत दिवास्वप्नमा बनेको छ । 'समृद्ध नेपाल सुखी नेपालीको' नारा कर्णप्रिय रोमाञ्चकतामा सीमित भएको छ ।

उदाहरणका लागि, संघीयतालाई नै हेरौं । केन्द्रीकृत राज्य प्रणालीलाई भत्काउँदै विकेन्द्रीकृत राज्य प्रणालीको अवाधरणा अनुरुप हामीले संघीय शासन प्रणाली त संविधानमा लिपिबद्ध गर्यौं, तर त्यसको विभिन्न विचारधारा र प्राथमिकताका आधारमा बनेका सत्ताका गठजोडहरुले संघीयता कार्यान्वयनमा उदासिनता देखाए । त्यसको परिणामस्वरुप आज संघीय साशन प्रणाली नै मरणासन्न अवस्थामा पुगेको छ । संघीयताको महत्व कार्यान्वयन र नतिजामार्फत न्यायोचित बनाउनुपर्नेमा राजनीतिक र प्रशासनिक शासनहरु अझै पनि केन्द्रीकृत मानसिकतामा रमाएका कारण यसप्रतिको जनविश्वास करिब-करिब उठिसकेको छ । राजनीतिकर्मीको केन्द्रीकृत मानसिकताले निम्त्याएको समस्याको भार र दोष संघीयताजस्तो उच्चतम समावेशी व्यवस्थाले बोकिरहनुपरेको दुखद यथार्थ हामीमाझ छ ।

घोडालाई मोटो जन्जिरले बाँध्ने अनि दौडिन सकेन भन्ने ? स्थानीय स्रोत-साधनको अधिकतम उपयोग र विकासको स्थानीय मोडल स्थापित गर्दै आर्थिक समृद्धितर्फ लम्किन सक्ने सम्भावनालाई दुत्कारेर कसरी आर्थिक विकास होला र ? आर्थिक विकासको अर्को स्तम्भ शिक्षालाई नै हेरौं । राजनीतिक परिवर्तनले निर्दिष्ट गरेको शिक्षा क्षेत्रमा हामी अझै पनि प्रतिगमनकारी कदम चाल्न खुट्टा उचालिरहेका छौं । राजनीतिक परिवर्तनपछिका १९ वर्ष र संविधान सभाबाट संविधान निर्माणपछिका १० वर्षमा हामीले शिक्षामा कस्तो नीति अख्तियार गर्यौं ?

विकासको जग शिक्षालाई समाजसँग, हाम्रो आर्थिक क्षेत्रसँग जोड्न, हाम्रो स्रोत-साधनसँग तादम्य मिलाउन कस्तो रणनीति लियौं ? क्याम्पसमा कम विद्यार्थी भाषा कक्षामा बढी हुनुले हाम्रो समग्र शिक्षा नीतिलाई कुरीकुरी गरिरहेको छ । सार्वजनिक सेवाका विषय केलाउँ । कम्पनी रजिष्ट्रारको कार्यालय होस् वा कर कार्यालय, विश्वविद्यालयमा केही सामान्य त्रुटि सच्च्याउन होस्, पेन्सन पट्टा बनाउने सामान्य काम किन नहोस् सहज र पारदर्शी हिसाबले काम हुन्छ भन्नेमा आम-मानिसको विश्वास करिब उठिनै सकेको छ । कर्मचारीतन्त्रमा नयाँनयाँ अनुहार र युवाहरु आउँदा पनि सार्वजनिक सेवाप्रति मानिसको विश्वास किन नबढेको होला ? अझ प्रविधिले धेरै कुरा सहज बनाएको पनि छ तै पनि सरकारी काममा ढुक्क हुने अवस्था किन बनेको छैन ?

के यो सबै व्यवस्थाको दोष हो ? कि व्यवस्थालाई समृद्ध बनाउने अभिभारा बोकेकाहरुको ? एउटा कुरा प्रष्ट छ । व्यवस्था बलियो नहुँदा व्यवस्थामा हालिमुहाली गरिरहेकाहरुलाई फाइदा छ । उदाहरणका लागि, सरुवा-बढुवाका लागि कसैलाई भन्नुपर्ने अवस्था रहँदा उसले त्यसबाट प्रतक्ष्य/अप्रतक्ष्य राजनीतिक लाभ लिइरहेको हुन्छ । भन्न जाने मान्छेलाई पनि उसले गरिदिएको भन्ने हुन्छ, जसले ऊप्रति निष्ठा अझै बढाउँछ अनि भोटमार्फत अभिव्यक्त हुन्छ । राजनीतिकर्मीले मैले गर्दा यति बजेट पर्‍यो, गाउँमा पुल बन्यो, अस्पताल बन्यो, यति जनालाई प्रहरीमा भर्ना गरें भनेर गर्ने प्रचार यसको ज्वलन्त उदाहरण हुन् ।

व्यवस्था बलियो भएको भए के हुन्थ्यो होला ? के हाम्रो राजनीति यसरी नै चल्थ्यो वा राजनीतिमा प्याराडाइम सिफ्ट हुन्थ्यो ? कुरा यति सपाट भए पनि व्यवस्था बलियो किन नभएको होला ? पारदर्शी वा जवाफदेही ढङ्गले राजनीति र प्रशासन किन नचलेको होला ? उत्तर फेरि पनि सामाजिक परिवर्तनलाई गरिएको अवमूल्यन र प्रणालीगत उदासिनतामै छ ।

आखिरमा राजनीतिक परिवर्तनले शक्तिको हस्तान्तरण र पृथकीकरण मात्र गर्ने हो, त्यसलाई स्थापित गर्ने मुख्य आधार भनेको सामाजिक परिवर्तन मात्र हो, जसले मानिसलाई आफ्नो अधिकार र कर्तव्यमा सुसूचित गर्छ र कानुनी राज्यको कार्यान्वयनमार्फत व्यवस्थालाई बलियो बनाउँछ । सामाजिक परिवर्तनलाई नजर अन्दाज गर्दै आर्थिक परिवर्तनको सुगारटाइ मात्र गर्नाले हामी अझै पनि संक्रमणको अवस्थामा, अलमलको अवस्थामा र अविश्वासको अवस्थामा रहेको हो । क्यालिफोर्निया विश्वविद्यालय, बर्कलेका अर्थशास्त्रका प्राध्यापक जेराड रोल्यानडको तर्क यो विषयमा सान्दर्भिक छ । संक्रमणको राजनीतिक अर्थशास्त्र नामक सन् २००२ मा प्रकाशित लेखमा उनी तर्क गर्छन्, 'यदि परिवर्तन र त्यसले ल्याउने नतिजाप्रति समष्टिगत अनिश्चितता कायम छ भने परिवर्तनलाई संस्थागत गर्नेहरु नै यसप्रति नकारात्मक बन्छन् ।'

संरचनात्मक सुधारमा राजनीतिकर्मीको सामूहिक उदासिनताले हाम्रो राजनीतिक नेतृत्व पनि शक्ति सन्तुलनमा हुनसक्ने परिवर्तनप्रति र आफ्नो राजनीतिक भविष्यप्रति अनिश्चित भएको भएर प्रणालीगत सुधार गर्न डराएको हो कि भन्ने प्रश्न पनि स्थापित भएको छ । सामाजिक परिवर्तनलाई स्थापित नगरी आर्थिक परिवर्तनमा अघि बढ्दा के भएको छ भन्ने विषयमा चर्चा गरौं । नीति निर्माण पारदर्शी नभएकाले र सोप्रति नीति निर्माणकर्ता जवाफदेही नभएकाले स्वार्थ समूह हावी भएका छन् । सार्वजनिक निर्माण र ठेक्का-पट्टा मिलेमतोमा हुन्छ भन्दा कसैले दह्रोसँग खण्डन गर्नसक्ने अवस्था छैन । नियामक निकायका नियुक्तिहरु राज्य र राजनीतिको मातहतबाट फुस्किसकेका छन्, यसका नाङ्गो प्रहसन धेरै देखिन थालेका छन् ।

सामाजिक परिवर्तनको जग कमजोर हुँदा स्वघोषित आर्थिक परिवर्तनले अपेक्षित नतिजा दिन सक्दैन । यसको ज्वलन्त उदाहरणका रुपमा नेपालको कृषि क्षेत्रलाई लिन सकिन्छ । सरकारले किसानलाई वित्तीय पहुँच बढाउने भनेर सहुलियत ऋणको नीति लियो । तर किसानहरु त्यो ऋणको सुविधा उपयोग गर्न तयार थिएनन् । व्यावसायिक साक्षारता कम थियो, राज्यको निकाय र संयन्त्रहरुमा भुइँ किसानहरुको पहुँच कम थियो । हेर्दा किसानको आर्थिक सुधार गर्ने नीति थियो तर त्यसको उपभोग धेरै कसले गरे भन्ने जग-जाहेर छ । उत्पादनको अवस्था, बजारको अवस्था र मिटरब्याजको चंगुलमा परेको तथ्यले त्यो नीतिलाई गिज्याइरहेको छ । भन्नलाई आर्थिक सुधारको नीति भन्यौं तर जसको लागि भनेको हो, उनीहरुलाई यसको उपभोग गर्न तयार नै गरेनौं । उल्टो धेरै पुँजी अनुत्पादक क्षेत्रमा सीमित व्यक्तिमाझ थुप्रियो । आज त्यस्तो ऋण चालु अवस्थामा नरहेकाले पनि त्यसको असफलतालाई छर्लंग पारेको छ ।

सरकारले लिएको निर्यात प्रवर्द्धन नीति, रुग्ण उद्योग सञ्चालन नीति, उद्यमशीलता प्रवर्द्धन नीति आदि आर्थिक सुधारका नीतिहरुको खराब नतिजाले हाम्रो हतास मानसिकता, अपार दर्शी वा नीतिगत कच्चापनतर्फ नै इंगित गर्छ । आधारहरु तयार नगरी कार्यन्वयनमा लगिएका धेरै नीतिहरु आखिर हाम्रो समग्र अर्थ-प्रणालीका लागि प्रत्युत्पादक भएका छन् । सामाजिक परिवर्तनलाई छलेर गरिएका आर्थिक प्रयासहरुको अर्को नाङ्गो स्वरूप भ्रष्टाचारले पाएको सामाजिक स्वीकार्यता हो, पुँजीमा सीमित पहुँच हो, राजनीतिक आडमा कानुनी राज्यलाई गलहत्याउन सक्छु भन्ने सीमित व्यक्तिहरुको घमण्ड हो ।

अन्त्यमा,

सामाजिक परिवर्तन हुँदै नभएको भन्न खोजिएको होइन । माओवादीले सञ्चालन गरेको जनयुद्धको जगमा सामाजिक रूपान्तरणका धेरै मुद्दा स्थापित भएका छन्, अधिकार प्राप्तिमा उल्लेख्य प्रगति पनि भएको छ । तर सामाजिक अवस्था परिपक्क भएर अब आर्थिक विकासमा लागौं भन्ने अवस्था निर्माण भएको छैन । आर्थिक परिवर्तनका लागि ढिलो भइसकेको सत्य हो । तर हतारमा गरिएका अपूर्ण सुधारहरुले दीर्घकालीन फाइदा दिन सक्दैनन् । राजनीतिकपछि सामाजिक अनि त्यसको जगमा आर्थिक परिवर्तन हुन्छ भन्ने राजनीतिक अर्थशास्त्रको आधारभूत नियम बांगिँदैन । जबसम्म व्यवस्था बलियो हुँदैन, हरेक नागरिकले नीति-नियमको अपनत्व लिने अवस्था बन्दैन । कानुनी शासन स्थापित हुँदैन । सामाजिक भाष्य र राजनीतिप्रतिको विश्वास बलियो हुँदैन । परिवर्तनका प्रयास फगत आशावादी प्रयोग मात्र हुनेछन् । *(साभार: अनलाइनखबर)*

# राजनीतिमा खस्कँदो नैतिकता

✍नगेन्द्रराज पौडेल

अघिल्लो साता आफूलाई संसारकै ठूलो र शक्तिशाली मुलुक भनेर चिनाउने अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनका राष्ट्रपति जेलेन्स्कीलाई ह्वाइटहाउसमा पाहुनाको रुपमा बोलाएर शत्रुवत् व्यवहार गरे भन्ने चर्चाले विश्व तातेको छ । ट्रम्पको उक्त कार्यलाई संसारका अन्य देशमा कतै स्वाभाविक र कतै आलोचनाका रुपमा हेरिएको छ । धेरैजसोले पाहुनाका रुपमा बोलाएर सामान्य कूटनीतिक मर्यादा मात्र होइन, अमेरिकाले मानवीय व्यवहार पनि प्रदर्शन गर्न सकेन भन्ने टिप्पणी गरिएको पाइन्छ । यो घटनाबाट युरोपका कतिपय मुलुकहरु अमेरिकाप्रति असन्तुष्ट देखिएका छन् । शायद राजनीतिमा नैतिकता यता मात्र होइन, त्यता पनि स्खलित भएको अनुमान यो घटनाबाट सहजै गर्न सकिन्छ ।

**नेपाली सन्दर्भ**:

केही समययताको नेपाली राजनीतिक घटनाक्रम र राजनीतिक दलका शीर्षस्थ नेताको अभिव्यक्तिलाई हेर्दा/सुन्दा हाम्रो शिक्षाले नैतिक पक्ष हस्तान्तरण गर्न नसकेकै हो त ? भन्ने आभास दिन्छ । किनभने हरेक घटनाको कारण हुन्छ । कतै धुवाँ देखिन्छ भने वरपर आगो लागेको अनुमान गर्नै पर्छ । अहिलेको राजनीतिक परिदृश्य नियाल्दा हाम्रा नेताहरुले राजनीतिक नैतिकताको पाठ नपढेकै देखियो । छलछाम, बेइमान र तत्कालको स्वार्थपुर्ति मात्र राजनीति होइन भन्ने कुरा थिनीहरुले अब पढ्नै पर्ने देखियो । कतै हिजो बुर्जुवा शिक्षा भनी औपचारिक शिक्षा बहिष्कार गरेकै कारण संस्कारजन्य व्यवहारमा कमी आएको हो त ? यसो हो भने पनि जसले अरुलाई बुर्जुवा शिक्षा भनी औपचारिक शिक्षाबाट अलग रहन भने, उनीहरुले त विश्वविद्यालयको डिग्री लिएकै देखियो । यसरी लिइएको डिग्रीले पनि संस्कार दिन सकेनछ भन्ने कुरा तिनीहरुद्वारा प्रदर्शित वर्तमानका गतिविधि र व्यवहारले छर्लङ्ग पार्दछ ।

**क्षयोन्मुख नैतिक पक्ष**:

राजनीतिको मूल आधार विचार हो । विचार फरक भएपछि राजनीति फरक हुने नै भयो । विचार मिल्दासम्म राजनीतिको एउटै खाटमा सुत्नेहरु विचार नमिलेपछि अलग हुनुलाई अस्वाभाविक मान्न सकिँदैन । राजनीतिक विचार नमिले पनि कतिपय व्यवहार मिलेको हुन्छ । विचार र व्यवहार अलग-अलग विषय हुन् । रण विचार नमिल्नेसँग पनि व्यवहार मिलेर सँगसँगै काम गरेका अनेकौं दृष्टान्तहरु छन् । २०४६ सालको बहुदलीय व्यवस्था प्राप्तिका लागि भएको जनआन्दोलन, गणतन्त्र स्थापनाका लागि भएको पछिल्लो १९ दिने जनआन्दोलन र संविधान बनाउने क्रममा नेपालका राजनीतिक दलको मिलनलाई यही कार्यगत एकताको अनुपम उदाहरणका रुपमा लिन सकिन्छ ।

तर हामीकहाँ पछिल्लो समयमा व्यवहार पक्ष उपेक्षित छ । विगतको ऐतिहासिक एकता सबै दलले भुलेका छन् । सबैमा मपाईं हाबी छ । राजनीतिक विचार नै प्रधान बनेर आएको छ । यसैका आधारमा कसैलाई देव र कसैलाई दानवीकरण गरिएको पाइन्छ । यो सरासर गलत, पूर्वाग्रही र अव्यावाहारिक पनि छ । राजनीतिक मुद्दामा व्यक्तिगत आक्षेप, चरित्र र पारिवारिक पक्षलाई सार्वजजिक गरिनु राम्रो होइन । राजनीतिमा नीति, विचार, सिद्धान्त र दर्शनको लडाइँ हुनुपर्छ । तर यी सबै कुराबाट च्युत भएपछि मानिसहरु व्यक्तिगत स्तरमा ओर्लेर गालीगलौजमा लाग्छन् । यस्ता घटना त्यति बेला घटछन्, जब मानिसहरु विवेक गुमाउँछन् । मानिसमा विवेक भर्ने काम शिक्षाको हो । शिक्षाले नैतिक पक्षका बारेमा व्यक्तिलाई अभ्यस्त गनुपर्ने थियो तर गर्न सकेन ।

शिक्षाको नैतिक पक्ष त्यस्तो पक्ष हो, जसको माध्यमबाट असल व्यक्ति, समाज र चरित्रको निर्माण गर्न सकिन्छ । खयर, बुर्जुवा शिक्षा बहिष्कार गरेकाहरुले पनि जनवादी शिक्षाका नामबाट राजनीतिक स्कुलिङ गरेर नै आएका हुन् । औपचारिक शिक्षाभन्दा राजनीतिक प्रशिक्षणबाट पढेकाहरुलाई पनि उक्त शिक्षाले नैतिक पक्ष सिकाउन भने नसकेकै हो ।

**के हो नैतिकता ?**

'नीति र 'इक' मिलेर नैतिक शब्द बनेको हो । यसको अर्थ 'नीतिको पालना गर्नु' भन्ने हो । नीतिको पालना हुँदा समाजमा सकारात्मक सोचको विकास हुन्छ । नागरिकमा आफ्नो दायित्वबोध हुँदै जान्छ र समाज सकारात्मक तरिकाबाट अगाडि बढ्दै मानिसमा सदाचार, विनम्रता, सद्भाव, प्रेमभाव, श्रद्धा र परोपकारजस्ता सकारात्मक पक्षले स्थान पाउँछ । यसै कारण शिक्षामा नैतिक पक्षको अभाव आजका यी घटनाका लागि जिम्मेवार देखिन्छ । नेपाली बृहत् शब्दकोशले 'नैतिक'लाई 'राम्रो आचरण, नीतिसँग सम्बन्धित कुरा'का रूपमा व्याख्या गरेको छ । नीतिमा पनि 'विद्या विनय सम्पन्ने' भनिएको छ । अर्थात् विद्याले विनय दिनुपर्छ । प्रसिद्ध समालोचक डाक्टर ताना शर्माले चाँदनी शाहका कविताको समीक्षा गर्थे । तत्कालीन रानी ऐश्वर्यको साहित्यिक नाम चाँदनी शाह थियो । रानीका कविताको समालोचना गऱ्यो भनेर शर्मालाई चाकडी गर्ने, राजा-महाराजाका सामु टाउको निहुँराउने भनेर आलोचना गरिन्थ्यो । यसको प्रत्युत्तरमा उनले भन्ने गर्थे, 'मेरो टाउको छ, यसैले निहुँरिन्छ, टाउको नै नहुनेको के निहुँरियोस् ? मसँग कोही मान्छे झुक्न आउँछन्, यसैले म पनि मान्यवर सँग झुक्नुपर्ने रहेछ भनेर थाहा पाएँ, जोसँग कोही मान्छे झुक्नै आउँदैन उसलाई अरूसँग झुक्नुपर्दो रहेछ भन्ने के थाहा ?'

शिक्षाले यस्तै मानव मूल्यको अभिवृद्धि गर्न सक्नुपर्छ । शिक्षाले संस्कारसहितको अनुकरण सिकाउनुपर्छ । पाश्चात्य दार्शनिक अरस्तु पनि अनुकरण सादृश्य विधान मात्र होइन भन्छन् । यसर्थ शिक्षाले विगतबाट सिकेर कमी-कमजोरी सुधार्ने पनि गर्नुपर्छ । सत्य, धर्म, शान्ति, प्रेम र अहिंसा मानवीय मूल्य हुन् । यिनको संरक्षण, विकास र रक्षाका लागि शिक्षा सदैव तत्पर हुनुपर्छ । तर, हामीकहाँ न शिक्षा मानवीय मूल्यकै संरक्षण गर्न सक्ने खालको छ, न त नागरिकलाई गरिखान नै सिकाउने खालको छ । कति पढ्ने भन्ने कुरामा जोड दिँदा के पढ्ने भन्ने विषयवस्तु छायामा परेको छ । यसैले बेरोजगार नागरिक उत्पादन गर्न वा सस्कार शून्य चरित्र निर्माण गर्नकै लागि शिक्षा किन चाहिने ? बहसको विषय बन्न सक्छ । अहिले पुरानै ढर्रामा नयाँ मान्यतालाई बोक्न खोज्दा शैक्षिक प्रणालीमाथि नै प्रश्नचिह्न खडा हुने अवस्था छ ।

**बढ्दो नकारात्मकता**:

शिक्षाले समाजमा देखिने दुर्व्यवहार र खराब आचरणलाई रोक्न सक्नुपर्छ । पढेका र नपढेकाबीच अन्तर देखाउन सक्नुपर्छ । लिडर र सामान्य नागरिकबीच भेद छुट्याउन सक्नुपर्छ । तर आज यस्तो अवस्था देखिँदैन । हामीकहाँ मात्रै होइन, विश्वमा नै शिक्षाले मानवीय मूल्य बोक्न सकेको छैन । भनिन्छ, अमेरिकामा हरेक पाँच मिनेटमा एउटा बालक हिंसात्मक अपराध गरेको अभियोगमा समातिन्छ र प्रत्येक तीन घण्टामा एउटा अमेरिकन बालकको मृत्यु बन्दुकसँग सम्बन्धित हिंसाबाट हुन्छ । किन्डर गार्डेन जानुअघि नै केटाकेटी ५ हजार घण्टा टिभी हेर्दछन् । मोबाइलको दुरुपयोगमा केटाकेटी अधिक छन् । जुवा, तासमा पनि कैयन् बालबालिका संलग्न भएको पाइन्छ । शिक्षाले यस्ता कुरा नरोके पनि कम गर्न सक्नुपर्छ । यसका लागि तल्लो कक्षाबाटै नैतिक पक्षको ज्ञान दिनुपर्दछ । आज पढाइने गरेको नाम मात्रको नैतिक शिक्षा परीक्षाका लागि मात्र भएको छ, व्यावहारिक जीवनका लागि हुन सकेको छैन ।

शिक्षाको नैतिक पक्षले मानवीय चेतना उजागर गराउन सक्नुपर्छ । यसका लागि नर्सरीदेखि आध्यात्मिक ज्ञान, योग शिक्षा र प्रभात संगीत, धर्मचक्रमा सहभागी गराउने गरी व्यावहारिक शिक्षा दिनुपर्छ । तर हामीकहाँ नैतिक, आध्यात्मिक र सदाचारयुक्त शिक्षाको खाँचो छ । हाम्रो सोच अंग्रेजी माध्यमतर्फ छ । भाषिक माध्यम मात्र परिवर्तन गरेर हामीलाई चाहिने नागरिक उत्पादन हुन सक्दैन । बरु अंग्रेजी माध्यममा जोड दिन लालायित हुनु भनेको त दुई-चारजना विदेश नगई स्वदेशमा बस्न खोजेकालाई पनि जबर्जस्त विदेश धकेल्न खोज्नु हो । अंग्रेजी मोहको सोच कुनै पनि हालतमा त्याज्य नै छ ।

अहिलेको शिक्षाले शैक्षिक उपलब्धिमा मात्र बढी जोड दिएको छ । पाठ्यक्रम र परीक्षामा बढी जोड दिएर कति अंक ल्यायो भन्नेमा जोड दिएको छ । अर्थात् कति पढ्ने भन्ने कुरामा चासो राखेको छ तर किन पढ्ने र के पढ्ने भन्ने कुरामा चासो राखेको छैन । यसले गर्दा चरित्र विकासमा कम जोड दिएको पाइन्छ । उदाहरणीय र असल नागरिक बन्नुपर्नेमा कम चासो दिएको छ । रूपान्तरण नभई जानकारीमा मात्र जोड दिएको छ । यो राम्रो होइन । प्राय: हामी जे सिक्दछौं, त्यो तुरुन्तै बिर्सिहाल्छौं । हामीले बालबालिकालाई के सिकाउँदै छौं भन्ने कुरा बिर्सेर विषयवस्तुमै रुमलिन्छौं ।

यसै कारण शिक्षा प्रक्रियामै सम्मिलित रहने जो-कोही पनि असन्तुष्ट देखिन्छन् । विद्यार्थी, शिक्षक, अभिभावक, सरकार र समाज कोही पनि अहिलेको ज्ञानार्जन प्रक्रिया, विषयवस्तु र विधिबाट सन्तुष्ट देखिँदैनन् । यसैको परिणाम हो माननीयको गैरमाननीय व्यवहार प्रदर्शन र निकृष्ट गालीगलौज । हामीबीच शैक्षिक विरोधाभासको स्थिति छ । एकातिर शिक्षाकै माध्यमबाट मानिसले पदार्थ र अन्तरिक्षमाथि नै विजय प्राप्त गरिरहेको छ भने अर्कोतर्फ शान्ति र खुशीको खोजीमा भौंतारिरहेको अवस्था पनि छ । यो वा त्योको दोधारमा हाम्रो शैक्षिक अवस्था रुमलिइरहेको छ । धैरैजसो समाजमा मद्यपान, लागूपदार्थ सेवन, मानसिक रोग, अपराध र नाबालकहरूको बढ्दो आपराधिक संलग्नता विकराल बन्दै गएको छ । यो अवस्थालाई शिक्षाले न्यूनीकृत गर्नुपर्ने हो तर वर्तमान शिक्षाले भाषा र अवधारणा सिकाउँछ तर आफूसँग र अरूसँग कसरी सन्तुलित जीवनयापन गर्ने भन्ने सिकाउँदैन ।

*(साभार: न्यूज अफ नेपाल)*

# सत्ता गलाउने साना दलहरूको शक्ति

काठमाडौं/वैधानिक व्यवस्था गरेरै साना दलहरू कस्ने घोषित नीति लिएको वर्तमान सरकार उल्टै साना दलहरूको दबाबमा परेको छ । त्यसको पछिल्लो उदाहरण हो- भूमि सम्बन्धी अध्यादेश होल्ड हुनु । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली कांग्रेसका शीर्ष नेताहरुसँगको सहमतिमा गत २६ पुसमा ६ वटा अध्यादेश ल्याएका थिए । ती अध्यादेशहरूमा कांग्रेस सभापति शेरबहादुर देउवाको सहमति भएपछि अरु समस्या आउँदैन भन्ने बुझाइमा थिए, प्रधानमन्त्री ओली ।

तर भइदियो, अर्कै ।

सत्तारुढ बेञ्चमै बसिरहेको जनता समाजवादी पार्टी (जसपा), नेपालले भूमिसम्बन्धी अध्यादेशको विपक्षमा उभिने निर्णय गर्‍यो । राष्ट्रिय सभामा ३ सिट मात्र भए पनि जसपा नेपालको अडानले भूमि अध्यादेश त रोकियो नै, बाँकी अध्यादेश पनि अप्ठ्यारोमा परेका थिए । किनकि, भूमि अध्यादेश संसदको कार्यसूचीमा अगाडि बढाइए, बाँकी अध्यादेशमा पनि समर्थन नगर्ने जसपा नेपालका नेताहरूले चेतावनी दिए । २९ माघमा पार्टी बैठकबाटै भूमि अध्यादेशको विपक्षमा उभिने जसपा नेपालको निर्णयपछिका झण्डै एक महिनासम्म देखिएको गतिविधिले प्रधानमन्त्री ओलीमाथि साना दलहरूको दबाब अनुमान गर्न सकिन्छ ।

यो अवधिमा प्रधानमन्त्री ओली र कांग्रेस सभापति देउवाले अनेक विकल्पमाथि काम गरे, थुप्रै भेटवार्ता भयो । तर कुनै पनि विकल्पमा सफल हुन सकेनन् । किनकि, उपेन्द्र यादवको विकल्प खोज्दा अर्का साना दलका नेतालाई मनाउनुपर्ने थियो । 'उपेन्द्र यादवको शर्त नमान्ने हो भने एकीकृत समाजवादी फुटाउने वा सिंगो पार्टीको समर्थन जुटाउने विकल्प प्रधानमन्त्रीसँग थियो,' एक नेता भन्छन्, 'तर एकीकृत समाजवादी फुटाउँदा जोखिम धेरै थियो । मुख्यगरी सबै साना दल मिल्ने खतरा थियो ।'

सत्तामै भएका उपेन्द्र यादव, सिके राउत, रेशम चौधरीहरूप्रति समेत ढुक्क हुन नसकिरहेका



कांग्रेस-एमालेले एकीकृत समाजवादी फुटाउने जोखिम लिएनन् । यद्यपि, दल फुटाउने कानुन ल्याउनेबारे छलफलसम्म चल्यो ।

'दल फुटाउन भनेर विधेयक आउँदा त्यो दल फुटेन भने उल्टै ब्याक फायर हुन्थ्यो', कांग्रेसका एक नेता भन्छन्, 'त्यसैले रोकिनुपर्ने अवस्था आयो ।' अन्तत: दुई तिहाइको बहुमत भनेर प्रचार गरिररहेको सरकार भूमिसम्बन्धी अध्यादेश होल्डमा राख्न बाध्य भयो ।

एमाले स्थायी कमिटी सदस्य राजेन्द्र गौतम भने एउटा घटना विशेषमा देखिएको समस्यालाई समग्रतामा मूल्यांकन गर्न नहुने बताउँछन् । 'राष्ट्रिय सभाको गणितका कारणले केही अप्ठ्यारो आयो । तर अहिले पनि वर्तमान सरकार दुई तिहाइको जगमा उभिएको बुझ्नुपर्छ । कुनै सन्दर्भमा देखिएका समस्या धेरै रहँदैन', उनी भन्छन् । एमाले प्रचार विभाग प्रमुख समेत रहेका गौतमकै जस्तो तर्क सत्तारुढ नेताहरुले संसदमा पनि गरिरहेका छन् । उनीहरुका अनुसार रोकिएको भूमिसम्बन्धी अध्यादेश पनि चाँडै अगाडि बढ्नेछ ।

तर, राष्ट्रिय सभामा निर्णायक रहेको जसपा नेपालका नेताहरू रोकिएको अध्यादेश अगाडि बढ्ने सम्भावना देख्दैनन् । बरू संसद बैठक बसेको ६० दिनभित्र स्वीकृत नभए स्वत: निष्क्रिय हुने व्यवस्थाबमोजिम भूमि अध्यादेश खारेज हुने जसपा नेपालका प्रवक्ता मनिष सुमन बताउँछन् । 'होल्ड भएको अध्यादेश पारित हुनुलाई होइन, ६० दिनपछि स्वत: निष्क्रिय भएर जान्छ', उनी भन्छन् ।

अध्यादेश प्रकरण पछिल्लो उदाहरण मात्र हो । ओली प्रधानमन्त्री हुनेगरी सत्ता समीकरण फेरिरहँदा नै साना दलहरुको दबाब महसुस गरिएको थियो । साना दलहरुलाई मनाउनुपर्ने भएकैले ओली र देउवा आलोपालो प्रधानमन्त्री हुनेगरी सत्ता समीकरण फेर्दा 'राष्ट्रिय सहमतिको सरकार' भनिएको थियो ।

यद्यपि, 'राष्ट्रिय सहमतिको सरकार' को औचित्यलाई कांग्रेस र एमालेले राष्ट्रिय हित, भ्रष्टाचार नियन्त्रण, सुशासन र राष्ट्रको विकाससँग जोडेका थिए । तर साना दल समेट्नुपर्ने दबाब भने छँदै थियो । सातमध्ये ६ बुँदामा 'राष्ट्रिय सहमतिको सरकार' शब्द प्रयोग गर्नुबाटै कांग्रेस-एमाले नेतृत्वको मनोविज्ञान बुझ्न सकिन्थ्यो । कांग्रेस र एमाले मिल्दा मात्रै पनि प्रतिनिधि सभामा सुविधाजनक बहुमत पुग्ने भए पनि साना दलहरू समेट्नैपर्ने दबाब भने संविधान संशोधनका निम्ति चाहिएको हो ।

जुन विषय सात बुँदेको दोस्रो नम्बरमा उल्लेख गरियो, 'राष्ट्रिय सहमतिको सरकारले संविधान प्रारम्भ भएपश्चात् अभ्यासमा देखापरेका सबल पक्ष र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकूलको कानुन निर्माण गर्ने विषयलाई प्राथमिकता दिने ।'

तर, जुन उद्देश्यले संविधान संशोधन गर्ने भनिएको थियो, त्यही कारण साना दलहरू कुनै न कुनै रूपले एकठाउँ उभिने आधार बन्यो । 'साना दलहरु सिध्याउन संविधान संशोधन गर्ने भनियो । कसैलाई निषेध गरेर जाने प्रस्तावमा समर्थन गर्ने कुरै हुँदैन', राप्रपाका प्रवक्ता मोहन श्रेष्ठ भन्छन् । राजनीतिक विगतले पनि कुनै पनि शक्तिलाई निषेध गर्ने कुरा असफलसिद्ध भइसकेको उनी बताउँछन् ।

साना दलहरु कस्ने प्रस्तावकै कारण विपक्षीहरु भने एकजुट बन्दै गएका छन् । त्यसको नेतृत्व स्वभावै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गरिरहेका छन् । जसको दबाब सरकारलाई परिरहेको पनि छ । उसो त सात बुँदे सहमतिपछिका घटनाक्रमहरुले पनि प्रधानमन्त्री ओली दबाबमा रहेको पुष्टि हुन्छ । न्यूनतम साझा कार्यक्रम तयार पार्नु साना दलहरुको दबाबमा प्रधानमन्त्री रहेको अर्को प्रमाण हो ।

प्रचण्डलाई विस्थापित गरी ओली प्रधानमन्त्री बनिरहँदा न्यूनतम साझा कार्यक्रम नै तयार नपार्ने निष्कर्ष नेताहरुको थियो । सरकारको नीति तथा कार्यक्रम र बजेट आइसकेकाले न्यूनतम साझा कार्यक्रम आवश्यक नरहने तर्क गरिएको थियो । सात बुँदे नै सरकार सञ्चालनको दस्तावेज मान्ने भनिएको थियो । ६ साउनमा विश्वासको मत लिने क्रममा पनि प्रधानमन्त्री ओलीले आफ्नो प्राथमिकता नयाँ परियोजना घोषणा नभएर जारी परियोजना पूर्णता दिने भनेका थिए ।

तर, सात बुँदेप्रति सत्ता साझेदार अरू दलको सहमति थिएन । त्यसैले भदौ तेस्रो सातासम्म आइपुग्दा न्यूनतम साझा कार्यक्रम तयार पार्ने निष्कर्षमा कांग्रेस-एमाले नेतृत्व पुग्यो । हरेक महिना सत्ता साझेदार दलका नेताहरु आवद्ध नेताहरुको कार्यदल बैठक राख्न थालियो ।

गत २३ पुससम्म आइपुग्दा त प्रधानमन्त्री ओलीले संविधान संशोधन यो संसदीय कार्यकालमा नहुने ब्रिफिङ नै गरिदिए । एमाले केन्द्रीय कमिटी बैठकमा प्रधानमन्त्री ओलीले आगामी २०८७ मा संविधान संशोधन हुने बताएका थिए । 'हामी अहिले पनि संविधान संशोधन गर्न चाहिने दुई तिहाइ जुटाउने पक्षमा छौं । तर राष्ट्रिय सभाका कारण सम्भव भइरहेको छैन,' त्यो बैठकमा प्रधानमन्त्रीले भनेका थिए, 'संविधान संशोधन त गर्ने नै हो, तर २०८७ मा ।'

सरकारकै औचित्यमाथि प्रश्न उठ्नेगरी (किनकि यो सरकार बन्नुको औचित्य संविधान संशोधन भनिएको थियो।) प्रधानमन्त्री ओलीले यस्तो अभिव्यक्ति दिनुमा साना दलहरूकै कारण सिर्जना भएको दबाब नै बुझ्न सकिन्छ । एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतम, साना दलका कारण उत्पन्न हुने यस्तै समस्या हल गर्न राष्ट्रिय राजनीतिक शक्ति आवश्यकता परेको बताउँछन् । 'विचारको विविधता र बहुलता स्वीकारेको समाजमा दलहरुको अस्तित्व स्वीकार्नुपर्छ । तर दलगत झगडामै देश अल्मलिने भयो,' उनी भन्छन्, 'त्यसैले हामीले सुदृढ बलिया राष्ट्रिय शक्तिका रूपमा दलहरूले आफूलाई उभ्याउन सक्नुपर्छ भनेका छौं । एमाले त्यही संकल्पका साथ बढेको छ ।'

*(स्रोत: अनलाइनखबर)*

# 'डंकी रुट' बाट अमेरिका पठाउने गिरोहका नाइके एक वर्षदेखि कारागारमा, चौथो मुद्दा दर्ता

काठमाडौं/अवैध रूपमा अमेरिका पुगेर बसोबास गर्दै आएका ८ जना नेपाली नागरिकलाई चार्टर्ड विमानमार्फत बुधबार काठमाडौं फिर्ता गरियो । हत्कडी र खुट्टामा चेन लगाएर नेपाल फिर्ता गरिएका नेपालीलाई अध्यागमनको जिम्मा लगाइएको थियो । अध्यागमनले उनीहरूलाई मानव बेचबिखन अनुसन्धान ब्यूरोलाई जिम्मा लगायो । ब्यूरोले सामान्य सोधपुछ गरी आफन्तको जिम्मा लगाएर छाड्यो । अमेरिकामा डोनाल्ड ट्रम्प दोस्रो पटक राष्ट्रपतिमा चुनिएपछि हालसम्म ३५ नेपाली नागरिकलाई यसैगरी स्वेदश फिर्ता गरिएको अध्यागमनको तथ्यांक छ ।

अवैध बाटोबाट अमेरिका पुगेका नेपालीहरू धमाधम हत्कडी लगाएर स्वदेश फिर्ता भइरहँदा 'डंकी रुट' बाट अमेरिका पठाउने गिरोहका एक जना नाइकेविरुद्ध भने भर्खरै अदालतमा मानव बेचबिखन तथा ओसारपसारको कसुरमा मुद्दा दायर भएको छ । ८ नेपाली अमेरिकाबाट डिपोर्ट भएर काठमाडौं आएकै दिन २१ फागुनमा अमेरिका पठाउने मानव तस्करका मुख्य नाइके हस्त गौतमविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको छ । पूर्वी रुकुमको सिस्ने गाउँपालिका-३ मा जन्मिएका ५३ वर्षीय गौतम नेपाली मुलका अमेरिकी नागरिक हुन् ।

उनै गौतमसहित सात जनाविरुद्ध बुधबार मुद्दा दर्ता भएको छ । मानव बेचबिखन अनुसन्धान ब्यूरोको अनुसन्धान प्रतिवेदनका आधारमा काठमाडौं जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला न्यायाधिवक्ता गोविन्द हुमागाईंले गौतमसहितका व्यक्तिविरुद्ध मुद्दा दायर गरेका हुन् । ह्विल चियरको साहारमा हिँडडुल गर्ने अपांगता भएका गौतम विगत एक वर्षदेखि केन्द्रीय कारागार सुन्धारामै



बन्दी जीवन बिताइरहेका छन् । ब्यूरोका प्रमुख एसएसपी जीवन श्रेष्ठ (हाल अवकाश) भएको बेला पक्राउ परेका गौतम यसअघि नै तीन वटा मानव बेचबिखनको कसुरमा पुर्पक्षका लागि कारागार चलान भएका थिए ।

अहिले उनै गौतमविरुद्ध चौथो मुद्दा दायर भएको छ । परिवर्तित नाम २६ बबरमहल (२१४) को जाहेरीले गौतमविरुद्ध मुद्दा दायर भएको छ । २६ बबरमहलका श्रीमान् करिब ११ वर्षअघि जापान गएर सम्पर्कविहीन भएका थिए । त्यसपछि २६ बबर महल पनि विदेश जाने चक्करमा थिइन् । ज्ञानेन्द्र गौतमको सम्पर्कमा पुगेकी उनलाई ज्ञानेन्द्रले आफ्ना काका भन्दै हस्त गौतमसँग भेट गराएका थिए । डकुमेन्टेसनका लागि भन्दै सुरुमा ५ लाख र पासपोर्ट गौतमलाई बुझाइयो । पटकपटक गरेर २६ बबरमहलले ६० लाख ४० हजार गौतमलाई बुझाइन् । १३ जेठ २०७९ मा अमेरिका पठाउने भन्दै २६ बबरमहललाई थाइल्यान्ड पुर्‍याइयो । २६ बबरमहलसँगै ज्ञानेन्द्र गौतम पनि थाइल्यान्ड गए । थाइल्यान्ड पुगेपछि फेरि पैसा हाल्नु भनेकाले उनले ८ लाख ४० हजार लागेको बताएकी छिन् ।

थाइल्यान्डबाट मेक्सिको पुर्‍याउने र त्यहाँबाट अमेरिका छिराउने बताइएको थियो । थाइल्यान्डबाट मेक्सिको हुँदै फिलिपिन्स पुर्‍याइयो । फिलिपन्स अध्यागमनमै शंका लागेको भन्दै प्रहरीले तीन हप्तासम्म हिरासतमा राख्यो । त्यसपछि २६ बबरमहल नेपाल फर्केर हस्त गौतमविरुद्ध ब्यूरोमा जाहेरी दिएकी थिइन् । उनै गौतमविरुद्ध अहिले काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको हो ।

**"सय बढी व्यक्तिलाई डंकी रुटबाट अमेरिका"**

ब्यूरो स्रोतका अनुसार तल्लो बाटो (डंकी रुट) बाट अमेरिका पठाउने सुरुवात गर्ने व्यक्ति नै गौतम हुन् । उनले प्रहरीसमक्ष उक्त कुरा स्वीकार समेत गरेका थिए । 'डंकी रुट नै मैले सुरु गरेको हो । कसैलाई बेचेको होइन । जान चाहनेलाई त्यहाँसम्म पुग्न लाग्ने खर्च लिएर पठाइदिएको हुँ । उनीहरूको उद्धार नै गरेको हुँ,' गौतमको भनाइलाई उद्धृत गर्दै एक अनुसन्धान अधिकृतले संचारकर्मीसँग भने । गौतमको प्रत्यक्ष निर्देशन र योजनामा सय बढी व्यक्ति डंकी रुटबाट अमेरिका पुगेको ब्यूरो स्रोत बताउँछ । उनले विशेषगरी रुकुम, रोल्पा, दाङका मनिसबाट करोड हाराहारीको रकम बुझेर डंकी रुट हुँदै अमेरिका पुर्‍याएको ब्यूरोका अधिकारीहरूले बताएका थिए ।

उनी सन् २००५ देखि नै लाखौं रकम असुलेर अवैध बाटोबाट अमेरिका पठाउने गिरोहका मुख्य नाइके हुन् । गौतम कुनै समय पारा ओलम्पिक कमिटीका महासचिव थिए । सन् १९९४ मा नेपाल पारा ओलम्पिक कमिटीमा महासचिव रहेका बेला उनी अमेरिका गएका थिए । अमेरिकाबाट फर्केको ९ वर्षपछि सन् २००५ मा उनी सिंगापुर पुगेका थिए ।

सिंगापुरबाट ल्याटिन अमेरिकन देशहरू हुँदै मेस्कीकोबाट उनी अमेरिका छिरेको ब्यूरोका अधिकारीहरू बताउँछन् । अमेरिका छिरेपछि शरणार्थी आवेदन दिएर उनी अमेरिकन नागरिक समेत बनेका थिए । उनको अमेरिकन पासपोर्ट नम्बर ५३०६४७१६६ हो ।

अमेरिकी नागरिक भएपछि उनले माओवादी द्वन्द्वको मुख्य प्रभाव रहेका रुकुम, रोल्पा र दाङका नागरिकलाई उनले डंकी रुटबाट अमेरिका छिराउने गरेको अनुसन्धानबाट खुलेको ब्यूरोका तत्कालीन एसएसपी श्रेष्ठ बताउँछन् । 'डंकी रुटबाट अमेरिका पठाउने गिरोहमाथि अनुसन्धान गर्दा उनी (हस्त गौतम) मुख्य व्यक्ति रहेको खुलेको थियो । लामो मिहिनेतपछि पक्राउ गर्न हामी सफल भएका थियौं,' पूर्वएसएसपी श्रेष्ठले संचारकर्मीसँग भने ।

गौतमले पठाएका मान्छे अलपत्र भएर फर्केर आउँदा समेत उजुरी दिन नमानेको उनी बताउँछन् । फेरि अर्को रुटबाट अमेरिका पठाउने प्रलोभन देखाउने गरेकाले पीडितहरूले उजुरी नै दिन नमाउनको उनी स्मरण गर्छन् । लामो काउन्सिलपछि बल्ल पीडितले जाहेरी दिएपछि उनीमाथि अनुसन्धान गरेर ब्यूरोले पक्राउ गरेको थियो ।

**तीन वटा मुद्दामा पुर्पक्ष**

डंकी रुटबाट अमेरिका पठाउने उनै गौतमले पछिल्लो समय भने अमेरिका पठाउने भन्दै विभिन्न मुलुक लगेर अलपत्र पारेर छाडेपछि उनीविरुद्ध प्रहरीमा उजुरी आउन थालेको थियो । अमेरिका लैजाने भन्दै भारत थाइल्यान्ड, दुबई, जाम्बिया, सिंगापुर, हङकङ, फिलिपिन्स जस्ता मुलुकमा पुर्‍याएर अलपत्र पारेपछि उनीविरुद्ध पीडितले ब्यूरोमा उजुरी दिएका थिए ।

अमेरिकाबाट दिल्ली हुँदै स्थलमार्गबाट नेपाल आउन लागेका बेला उनी बेलहिया नाकाबाट २० भदौ २०८० मा पक्राउ परेका तत्कालीन एसएसपी श्रेष्ठले बताएका थिए । उनै गौतम अहिले तीन वटा मुद्दामा पुर्पक्षमा कारागारमा छन् । गौतमसहितका व्यक्तिविरुद्ध मानव बेचबिखन तथा ओसार पसार ३, ठगी र संगठित अपराधका ३/३ गरी ९ वटा कसुरमा ३ वटा मुद्दा दर्ता भएका थिए । ती सबै मुद्दामा काठमाडौं जिल्ला अदालतका न्यायाधीश विनोद खड्काको इजलासले उनलाई पुर्पक्षका लागि कारागार चलान गरेको थियो । अहिले उनी केन्द्रीय कारागारमै छन् ।

डंकी रुटबाट अमेरिका गएकाहरू फर्कन थालेपछि ब्यूरोको टोलीले उनीमाथि समेत सोधपुछ गर्ने तयारी गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# '११:५५' ट्रेलरमा विवाहेत्तर सम्बन्ध र धोकाको कथा



काठमाडौं/आगामी चैत ८ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म '११:५५'को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक साढे तीन मिनेट लम्बाईको ट्रेलरमा विवाहेत्तर सम्बन्ध र सम्पत्तिका लागि भएको धोका, षड्यन्त्र र अपराधलाई केन्द्रमा राखिएको छ । फिल्मको कथा मध्यराति ११:५५ बजे घटेको एउटा घटनामा केन्द्रित रहेको ट्रेलरले प्रष्ट पार्छ ।

केशव पाण्डेको कथा तथा निर्देशन रहेको फिल्ममा सृष्टि श्रेष्ठ, महेश त्रिपाठी, करिष्मा श्रेष्ठ, सागर खनाल, बुद्धि तामाङ, विशाल पहारी, एमएस अग्रज लगायतको अभिनय छ । सृष्टि र महेश श्रीमान्-श्रीमतीको भूमिकामा छन् । तर, दुवैको एक्स्ट्रा म्यारिटल अफेयर चलेको ट्रेलरमा देखाइएको छ । ट्रेलरले फिल्मप्रति दर्शकमा उत्सुकता बढाउन सक्ने देखिन्छ ।

क्राइम-थ्रिलर जनरामा निर्माण भएको फिल्ममा निर्देशक पाण्डेसँगै एमएस अग्रज र शेखर ज्ञवालीको लेखन छ । यसमा श्याम शर्मा र सरोजा शर्मा निर्माता तथा एमएस अगराज कार्यकारी निर्मातामा छन् । फिल्ममा प्रद्युमन मिश्रको डिओपी, रामशरण उप्रेतीको सिनेमाटोग्राफी, पासाङ दावा शेर्पाको सम्पादन तथा देव महर्जनको द्वन्द्व निर्देशन छ ।

ट्रेलर सार्वजनिक कार्यक्रममा निर्देशक पाण्डेले आफूलाई फरक काम गर्न मन लाग्ने भएकाले डेब्युका लागि क्राइम थ्रिलर छानेको बताए । सहर केन्द्रित दर्शकलाई लक्षित गरेर फिल्म बनाएको उनको भनाइ छ । 'फिल्मको कथा सहरमा केन्द्रित छ । यसैले हाम्रो लक्षित दर्शक सहरकै हुन्,' उनले भने, 'फिल्म तथा सिरिजमा फरक चिज प्रयोग गरिएको रुचाउने दर्शकलाई '११:५५' मन पर्नेछ ।'

# हातमा आगो बालेको दृश्यबारे सुशील भन्छन्, 'हेर्दा सहज, गर्दा गाह्रो'

काठमाडौं/यही फागुन २९ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'आउट ल : दफा २१९'बाट अभिनेता सुशील श्रेष्ठले ५ वर्षपछि कमब्याक गरेका हुन् । यसमा उनी एक्सन भूमिकामा छन् । उनले ज्यानलाई जोखिममा राखेर समेत फिल्मका लागि दृश्य दिएका छन् । फिल्मका दुई दृश्यमा उनको शरीरको पछाडिको भाग र हातमा आगो बालिएको छ । यस्तो दृश्य उनले फिल्ममा पहिलो पटक दिएका हुन् ।

शरीरमा आगो बोलेको दृश्य फिल्ममा हेर्दा सहज लाग्ने भए पनि गर्न एकदमै गाह्रो रहेको सुशीलको अनुभव छ । उनी भन्छन्, 'मैले पहिला निखिल उप्रेती, राजेन्द्र खड्गी दाईहरुले हातमा आगो लगाएर स्टन्ट गरेको हेरेको थिएँ । त्यो दृश्य हेर्दा सहज लागेको थियो । तर, आफैंले गर्न एकदमै गाह्रो हुने रहेछ । तर, नयाँ अनुभव थियो । दर्शकहरुलाई पनि पर्दामा हेर्दा मज्जा आउँछ जस्तो लाग्छ ।'

सुशीलले पहिलो फिल्म 'होस्टेल रिर्टन्स'मा नै एक्सन गरेका थिए । त्यसपछि पनि उनको प्राय: फिल्ममा एक्सन छुटेन । तर, 'आउट ल'मा भने उनले भिन्न



शैलीको एक्सन गरेका छन् । उनको अनुभवमा एक्सन सबैभन्दा कठिन काम हो । उनी भन्छन्, 'एक्सन गर्न गाह्रो रहेछ । म सुटिङको बेला निकै थकित हुन्थेँ । यसमा एक्सन गर्दा मेरो हातमा चोट समेत लाग्यो, जुन अझै ठिक भएको छैन ।'

फिल्मको ट्रेलर हेर्दा सुशील नकारात्मक भूमिकामा रहेको देखिन्छ । यसबारेमा उनी भन्छन्, 'कोही पनि मान्छे यत्तिकै नराम्रो हुँदैन । उसलाई परिस्थिति र समयले नकारात्मक बनाउने हो । यसमा मैले निर्वाह गरेको पृथ्वीजंग थापाको क्यारेक्टर कति कुरामा राम्रो र कति कुरामा नराम्रो पनि छ । उसलाई परिस्थितिले कानुनभन्दा बाहिर जाने अवस्था बनाउँछ । फिल्मको कथा यही सारमा छ ।'

सुशीलले 'आउट ल' मनोरञ्जनका लागि मात्र नबनाएको समेत बताएका छन् । उनी भन्छन्, 'देशको कानुनले जब न्याय दिँदैन, जब शक्ति र सत्ताको दममा जे पनि हुन थाल्छ । त्यसपछि एक जनाको व्यक्तिको जन्म हुन्छ र उसले कानुन नै हातमा लिएर न्याय दिन थाल्छ । यो फिल्म हामीले मनोरञ्जनको उद्देश्यले मात्र बनाएका होइनौं । समाजमा सकारात्मक प्रभाव पार्ने प्रयास पनि गरेका छौं ।'

# अस्मिता अधिकारी र महेश काफ्लेले कसे लगनगाँठो

काठमाडौं/गायिका अस्मिता अधिकारी र महेश काफ्लेले विहिबार लगनगाँठो कसेका छन् । राजधानीको कार्की ब्यांक्वेटमा वैवाहिक समारोह आयोजना गरिएको थियो ।

पन्चेबाजासहित बेहुला महेश र उनका बुवा तथा गायक भोजराज, बेहुली अस्मिताका गीतहरू विवाहमा बजाइएको थियो ।

विवाह समारोहमा दुवै पक्षका परिवार, आफन्त र निकट संगीतकर्मी उपस्थित थिए । विवाहमा पुग्नेहरूले उनीहरूलाई बधाई दिएका थिए । नवविवाहित जोडीलाई संगीतकर्मी र सामाजिक संजालबाट बधाईको ओइरो छ । गत असारमा दुबईमा इन्गेजेमन्ट गरेका यी दुई लामो समयदेखि प्रेम सम्बन्धमा छन् ।

प्रेम चर्चालाई साकार तुल्याउँदै यी दुईले दुबईस्थित संसारको अग्लो टावर 'बुर्ज खलिफा'मा इन्गेजमेन्ट गरेका थिए । यी दुईले केही गीतमा सहकार्य समेत गरेका छन् । कतिपय कन्सर्टमा एकसाथ प्रस्तुति पनि दिएका छन् । काठमाडौं महानगरले स्थापना दिबसको अवसरमा टुँडिखेलमा



गरेको सांगीतिक कार्यक्रममा उनीहरूले प्रस्तुति दिए । अस्मिता र महेश अहिले रुचाइएका संगीतकर्मीमध्ये पर्छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडा भेट्रान्सकप फुटबल सुरु, बानेश्वर र बौद्धको विजयी सुरुवात



साझाकुरा संवाददाता

हेटौंडा, २२ फागुन/ बिहीबारबाट दसौं राष्ट्रिय हेटौंडा भेट्रान्सकप ८ 'ए' साइड रनिङशिल्ड फुटबल प्रतियोगिता सुरु भएको छ ।

खेलको उद्घाटन गर्दै हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले स्वास्थ्यका लागि खेलकुद भन्ने नाराका साथ आयोजना भएको भेट्रान्स प्रतियोगिताले पूर्वखेलाडीको सम्बन्ध विस्तार र भाइचाराको सम्बन्ध प्रगाढ बनाउने बताइन् । युवा खेलाडी उत्पादनमा यस्ता प्रतियोगिताले प्रोत्साहन थप्ने भन्दै उनले बिहान र बेलुकाको समय खेलमा बिताउन सके स्वस्थ्य बन्न सकिने बताइन् । भेट्रान्स खेलले फुटबल खेलको विकासमा ठुलो योगदान पुऱ्याउँदै आएको बताउँदै उनले खेलाडीबीचको सुमधुर सम्बन्धलाई प्रगाढ बनाउँदै पुरानो सम्बन्धलाई नवीकरण गर्दै मकवानपुरलाई खेलक्षेत्रबाट चिनाउन भूमिका खेलेकोमा हेटौंडा भेट्रान्सलाई धन्यवाद व्यक्त गरिन् ।

उद्घाटनमा शिक्षाविद् पूरणबहादुर जोशी, एन्फाका केन्द्रीयसदस्य टीका लामा, हेटौडा उपमहानगरपालिका-४ का अध्यक्ष नवीन सिग्देल, वडा नम्बर ५ अध्यक्ष सुशील घिमिरे, वडा नम्बर ६ अध्यक्ष विष्णुबहादुर दाहाल, वडा नम्बर ७ अध्यक्ष दामोदर गौतम, वडा नम्बर ८ अध्यक्ष राम थापा, वडा नम्बर ९ अध्यक्ष शुकराम केसी, वडा नम्बर १० अध्यक्ष फुर्वादोर्जे लामा, वडा नम्बर ११ अध्यक्ष जुना दाहाल, जिल्ला खेलकुद विकास समिति मकवानपुरका पूर्वअध्यक्ष बालकृष्ण चौलागाई, माधव तिमल्सीना, बागमती प्रदेश फुटबल संघका महासचिव लवराज ठकुरी, निवर्तमान अध्यक्ष राजेन्द्र श्रेष्ठ लगायत विभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता थियो ।

फागुन २६ सम्म हेटौंडा-४ मा रहेको हुप्राचौर खेल मैदानमा भइरहेको प्रतियोगितामा १५ वटा समूहले भाग लिएको खेलसंयोजक मणिराज गौतमले बताए । क्लबका उपाध्यक्ष नवराज बज्राचार्यको अध्यक्षतामा सुरु भएको प्रतियोगितामा बानेश्वर फ्रेण्डसीप भेट्रान्स र बौद्ध भेट्रान्सले विजयी सुरुवात गरेका छन् । बानेस्वर भेट्रान्सले बीरगंज सिटी भेट्रान्सलाई सुन्यविरुद्ध एक गोल गर्दै विजयी भएको हो । बानेस्वरको तर्फबाट खेलको अन्तिम समयमा हरिहर थापाले गरेको एकमात्रै गोल निर्णायक बनेको थियो ।

खेलको म्यान अफ द म्याच थापा घोषित भएका थिए । यस्तै दोस्रो खेलमा बौद्ध भेट्रान्सले वीरगन्ज यूथलाई सुन्य विरुद्ध दुई गोल गर्दै विजयी भएको छ । खेलमा बौद्धको तर्फबाट उमन मोक्तान र राजु कोइरालाले एक/एक गोल गरेका थिए । खेलमा कोइराला म्यान अफ द म्याच घोषित भएका थिए । तेस्रो खेलमा एबिसि भेट्रान्स पोखरा र भुटनदेवी भेट्रान्स बीच निर्धारित समयमा गोलरहित खेल भएकोले बराबरीमा टुङ्गिएको छ । समय अभावका कारण यी दुई समूहबीचको ट्राई ब्रेकर शुक्रवार बिहान १० बजे हुने आयोजकले जनाएको छ ।

शुक्रवार ४ खेल हुनेछन् । पहिलो खेल फ्रिडम फाइटर र चितवन भेट्रान्सबीच दिउँसो १ बजे हुनेछ भने दोस्रो खेल सिमरा भेट्रान्स र नागस्वती भेट्रान्सबीच दिउँसो २ बजे हुने तालिका रहेको छ । तेस्रो खेल बगरभाइखलक पोखर र एनजेजेभिसी सिमराबीच दिउँसो ३ बजे र चौथो खेल अपराह्न ४ बजे किङकम भेट्रान्स र बुटवल भेट्रान्सबीच हुने तालिका रहेको छ । प्रतियोगितामा मुख्य प्रायोजककारुपमा हेटौंडा उपमहानगरपालिका रहेको छ भने सहप्रायोजकमा हेटौंडा स्कुल अफ म्यानेजमेन्ट रहेको छ ।

विभिन्न पालिका, वडा कार्यालय, संघसंस्था तथा समाजसेवी, फुटबल खेलप्रेमीको साथ सहयोग रहेको क्लबका अध्यक्ष रमेश उप्रेतीले बताए । प्रतियोगितामा पहिलो हुने समूहले एक लाख ५० हजार ५ सय ५५ र दोस्रो हुने समूहले ७५ हजार ५ सय ५५ प्राप्त गर्नेछन् । यस्तै विधागत खेलाडी, सर्वश्रेष्ठ कोच, उत्कृष्ट फरवार्ड, उत्कृष्ट गोलकिपर, उत्कृष्ट डिफेन्स, उत्कृष्ट मिडफिल्डलाई जनही ५ हजार र म्यान अफ द सिरिज हुने खेलाडीलाई १० हजार रुपैयाँ पुरस्कार रहेको छ ।

# आकर्षण व्यूटी एकेडेमीको शाखा पारिजातपथमा



साझाकुरा संवाददाता

हेटौंडा, २२ फागुन/ आकर्षण व्यूटी एकेडेमी हेटौंडाको यूनिसेक्स सैलुनसहितको दोस्रो शाखा हेटौंडा-४ पारिजातपथमा औपचारिक रुपमा सुरुवात गरिएको छ । हेटौंडा उपमहानगरपालिकाकी मेयर मीना कुमारी लामाले विहीबार उदघाटन गरेकी हुन् ।

नगरप्रमुख लामाले आकर्षण व्यूटी पार्लर संचालन भएको २० वर्षमा शाखा खोल्नु आफैंमा सफलताको प्रतीक भएको बताइन् । 'सौन्दर्यक्षेत्रमा विगतको अप्ठ्यारो अवस्थामा समेत सक्रिय संचालक अस्मिता श्रेष्ठ प्रेरणाको स्रोत हुनुहुन्छ,' उनले भनिन् । परिवारका सदस्यको सहयोगसँगै औपचारिक अध्ययन गरेका दक्ष प्रशिक्षकले विविध व्यूटी पार्लर तालिम समेत संचालन गर्दै आएकोमा उनले शाखाको सफलताको शुभकामना दिइन् ।

व्यूटी पार्लर र प्रशिक्षण केन्द्रको माग बढ्दो रहेको भन्दै मेयर लामाले महिलालाई आर्थिक, सामाजिकरुपमा सवल बनाउन व्यूटी पार्लरको महत्वपूर्ण भूमिका रहेकोले सुलभ र गुणस्तरीय सेवा दिनुपर्ने बताइन् । गैरसरकारी संस्था महासंघ बागमती प्रदेशकी अध्यक्ष आरती पाठक, सौन्दर्यकर्मी संगठनकी केन्द्रीय महासचिव बालकुमारी रानाभाट, केन्द्रीय कोषाध्यक्ष रीजु गौतम, बागमती प्रदेशसचिव सृजना पाण्डे, मकवानपुर अध्यक्ष जुनु लामा, गैरसरकारी संस्था महासंघ मकवानपुरका अध्यक्ष रमिला सापकोटा, मकवानपुर उद्योग वाणिज्य संघकी महासचिव प्रतिमा श्रेष्ठ, माइती नेपाल मकवानपुरकी कार्यक्रम संयोजक माया लामा लगायतको आतिथ्य रहेको थियो ।

# नयाँ बजेटबारे सहरी र ऊर्जा मन्त्रालयसँग छलफल



काठमाडौं, २२ फागुन/ उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले संघीय महत्त्वका आयोजना मात्र संघले गर्ने भएकाले नयाँ बजेटका लागि आयोजनाहरू प्रस्तुत गर्दा विशेष ध्यान दिन आग्रह गरेका छन् ।

आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माण सम्बन्धी सहरी विकास मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयसँगको छुट्टाछुट्टै छलफलमा अर्थमन्त्री पौडेलले संवैधानिक कार्य जिम्मेवारी अनुसार प्रदेश र स्थानीय सरकारको जिम्मेवारी र भूमिकालाई दृष्टिगत गर्दै ठूला आयोजनामा केन्द्रित हुन आग्रह गरेका हुन् ।

उनले संघीयतामा प्रदेश र स्थानीय तहले गर्ने काम संघले गर्न जरुरी नरहेको बताए । अर्थमन्त्री पौडेलले प्रदेश र स्थानीय तहमा अधिकार र जिम्मेवारी हस्तान्तरण गरेर अघि बढ्दामात्र संघीयताको अभ्यास बलियो हुने बताएका छन् ।

उनले तयारीमा रहेका आयोजनाहरूको कार्यान्वयन र आगामी दिनमा आवश्यक पर्ने महत्त्वपूर्ण आयोजनाको तयारीमा ध्यान पुऱ्याउन पनि अनुरोध गरेका छन् ।

अर्थमन्त्री पौडेलले विकासलाई नीतिमार्फत पनि सम्बोधन गर्न जरुरी रहेकोमा जोड दिँदै नीतिले थप क्षेत्र खुला गर्ने धारणा व्यक्त गरेका छन् ।

अहिलेको संसदबाट योभन्दा बलियो सरकार बन्ने सम्भावना नरहेको उल्लेख गर्दै अर्थमन्त्री पौडेलले सबैभन्दा बलियो सरकार भएका सबै पक्षसँग परामर्श गरी देशको आवश्यकता र जनताको चाहना अनुसार नयाँ बजेट बनाउने बताएका छन् ।

सहरी विकास मन्त्रालयसँगको छलफलमा उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह, सचिव र विभागीय प्रमुखहरू थिए भने ऊर्जा मन्त्रालयसँगको छलफलमा ऊर्जामन्त्री दीपक खड्का, सचिव, विभागीय प्रमुख लगायत सहभागी थिए ।

# स्ववियू निर्वाचनमा नेता परिचालन गर्दै कांग्रेस

साझाकुरा संवाददाता

हेटौंडा, २२ फागुन/ आगामी चैत ५ गते हुन लागेको स्ववियु निर्वाचनका लागि नेपाली कांग्रेसले प्रदेशस्तरमा आफ्ना नेतालाई जिम्मेवारी दिएको छ । बागमती प्रदेशमा काँग्रेस सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डीना'लाई स्ववियु निर्वाचन परिचालनका लागि जिम्मा दिएको छ ।

त्यसैगरी, भीष्म आङ्देम्बेलाई कोशी, महेन्द्र यादवलाई मधेस, जीवन परियारलाई गण्डकीको जिम्मेवारी दिइएको नेपाली काँग्रेसले जनाएको छ । यसैगरी काँग्रेसले लुम्बिनीमा चन्द्र भण्डारी, कर्णालीमा जीवनबहादुर शाही र सुदूरपश्चिममा एनपी साउदलाई निर्वाचनको जिम्मेवारी दिएको छ ।

चैत ५ गतेका लागि तोकिएको स्ववियु निर्वाचनमा नेपाली काँग्रेसको भातृ संगठन नेपाल विद्यार्थी संघका उम्मेदवारलाई जिताउन पार्टी केन्द्रले केन्द्रीयस्तरका नेतालाई जिम्मेवारीमा पठाएको हो । आफ्ना उम्मेदवारलाई जिताउन सबै प्रदेशमा केन्द्रीयस्तरका नेता खटाइएको छ । नेविसंघका उम्मेदवारलाई जिताउन आन्तरिक तथा बाह्य तयारीका लागि उनीहरुलाई खटाइएको हो ।

## साईराम बचत तथा ऋण सहकारी संस्था लि.

SAIRAM SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

हेटौंडा-२, संगमचोक, मकवानपुर

फोन नं. : ०५७-५२१२९७, ५२४६३४

## धितो लिलाम बिक्रीसम्बन्धि ३५ दिने अत्यन्त जरुरी सूचना

*(प्रकाशित मिति २०८१।११।२३)*

तपशिलमा उल्लेखित ऋणीले उपभोग गरेको ऋणको साँवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउन पर्नेमा हालसम्म नबुझाई ऋण सम्बन्धि शर्त तथा बन्देजहरु उल्लङ्घन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा सूचना गर्दा समेत संस्थालाई बुझाउन पर्ने ऋणको साँवा, ब्याज र हर्जाना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी ऋण चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले ऋण चुक्ता गर्न आउनेबारे यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थालाई बुझाउनु पर्ने ऋणको साँवा, ब्याज तथा लागेको दैदस्तुर समेत बुझाउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तीगत जमानीकर्तालाई सुचित गरिन्छ । सो म्यादभित्र बक्यौता भएको सम्पूर्ण ऋण रकम चुक्ता भुक्तानी गरी ऋण लिँदा यस संस्थालाई लेखाइ दिएको धितो लिलाम बिक्री गरी यस संस्थाको सम्पूर्ण लेना रकम असुलउपर गरिलिने समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा वा कथमकदाचित धितोबाट असुलउपर हुन नसकेमा वा असुल उपर नभएमा ऋणीहरु वा निजहरुको एकाघर सगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ति वा ऋण लिँदा दृष्टिबन्धकी दिने ब्यक्ति एबम् जमानी दिनेको नाममा रहेको चलअचल सम्पत्ति तथा अन्य जायजेथा सम्पत्तिबाट सहकारी ऐन २०७४ को दफा ७९ सहकारी नियमावली २०७५ को दफा ३० तथा अन्य प्रचलित कानूनबमोजिम धितो बन्धक रहेको सम्पत्ति लिलाम गरी असुलउपर गरिलिने तथा ऋणीलाई कालोसूचिमा समाबेश गरिने ब्यहोरासमेत सम्बन्धित सबैलाई सुचित गराइन्छ ।

**तपशिल**

| क्र.सं | ऋणीको विवरण | धितोको विवरण |
|---|---|---|
| १. | **नाम** : होम बहादुर क्षेत्री<br>बाबुको नाम : कृष्ण बहादुर क्षेत्री<br>बाजेको नाम : नरहरि क्षेत्री<br>ठेगाना : जिल्ला मकवानपुर, हेटौंडा-९<br>ना.प्र.नं. : २५/२४८<br>जारी मिति : २०५४/११/२८<br>जारी जिल्ला : मकवानपुर<br>**जग्गा धनीको बिबरण**<br>**नाम** : कोकिला देवी चौलागाईं<br>पतिको नाम : कृष्ण बहादुर चौलागाईं क्षेत्री<br>ससुराको नाम : नरहरि<br>ठेगाना : जिल्लाम कवानपुर, हेटौंडा-९<br>ना.प्र.नं. : ४८९२<br>जारी मिति : २०४३/०५/०६<br>जारी जिल्ला : मकवानपुर | श्री कोकिला देवी चौलागाईको नाममा मालपोत कार्यालय हेटौंडामा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा उपमहानगर पालिका वडा नं. ९ कित्ता नं. १०८९० र ४४२१ को क्षेत्रफल ०-१-०-० र ०-१-१३-० जग्गा र सो ले चर्चेको लिगलगापात समेत |
| २ | **नाम** : सुदिप अर्याल<br>बाबुको नाम : रामकृष्ण अर्याल<br>बाजेको नाम : बुद्वी बहादुर अर्याल<br>ठेगाना : जिल्ला मकवानपुर, हटिया-२<br>हाल : जिल्ला मकवानपुर, हेटौंडा-१६<br>ना.प्र.नं. : ९-३९४<br>जारी मिति : २०५४/०१/१६<br>जारी जिल्ला : मकवानपुर<br>**धितो जमानी दिनेको बिबरण**<br>नाम : सृजना भण्डारी<br>बाबुको नाम : बलराम भण्डारी<br>बाजेको नाम : ठाकुर प्रसाद भण्डारी<br>ठेगाना : जिल्ला गोरखा, पालुङटार-१<br>हाल : जिल्ला मकवानपुर, हेटौंडा-१६<br>ना.प्र.नं. : १३१८००<br>जारी मिति : २०६२/०५/२०<br>जारी जिल्ला : गोरखा | श्री सृजना भण्डारीको नाममा मालपोत कार्यालय हेटौंडामा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, भैसे-३ कित्ता नं. ३६२ र ३६४ को क्षेत्रफल ७-६-२-३ र १-०-०-० जग्गा र सो ले चर्चेको लिगलगापात समेत |
| ३ | **नाम** : सन्देश भण्डारी<br>बाबुको नाम : बलराम भण्डारी<br>बाजेको नाम : ठाकुर प्रसाद भण्डारी<br>ठेगाना : जिल्ला गोरखा, पालुङटार-१<br>हाल : जिल्ला मकवानपुर, हेटौंडा-१६<br>ना.प्र.नं. : ४४१०२४/११६९<br>जारी मिति : २०७१/०४/२६<br>जारी जिल्ला : गोरखा<br>**धितो जमानी दिनेको बिबरण**<br>नाम : जानुकादेबी भण्डारी<br>पतिको नाम : बलराम भण्डारी<br>ससुराको नाम : ठाकुर प्रसाद भण्डारी<br>ठेगाना : जिल्ला गोरखा, पालुङटार-१<br>हाल : जिल्ला मकवानपुर, हेटौंडा-१६<br>ना.प्र.नं. : २२९<br>जारी मिति : २०४४/१२/०१<br>जारी जिल्ला : लमजुङ | श्री जानुकादेवी भण्डारीको नाममा मालपोत कार्यालय हेटौंडामा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, हाडीखोला-२ कित्ता नं.७०४ को क्षेत्रफल ०-९-०-० जग्गा र सो ले चर्चेको लिग लगापात समेत |
| ४ | नाम : छलिमाया निरौला<br>बाबुको नाम : नन्दलाल निरौला<br>बाजेको नाम : गोपीलाल<br>पतिको नाम : सुब्बा बिडारी<br>ठेगाना : जिल्ला मोरङ्ग, मधुमल्ला-२<br>हाल : जिल्ला मकवानपुर, हेटौंडा-१६<br>ना.प्र.नं. : ६७७/१२०८<br>जारी मिति : २०४६/०२/२९<br>जारी जिल्ला : मोरङ्ग | श्री छलिमाया निरौलाको नाममा मालपोत कार्यालय हेटौंडामा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, हाडीखोला-३ कित्ता नं. १६८१ को क्षेत्रफल ०-७-०-० जग्गा र सो ले चर्चेको लिगलगापात समेत |
| ५ | नाम : सुनिता दर्नाल परियार<br>बाबुको नाम : गम्बीर बहादुर दमै<br>पतिको नाम : मिनकुमार परियार<br>ठेगाना : जिल्ला मकवानपुर, हेटौंडा-९<br>ना.प्र.नं. : ३९/२६६९९<br>जारी मिति : २०६२/०६/०३<br>जारी जिल्ला : मकवानपुर | श्री सुनिता दर्नाल परियारको नाममा मालपोत कार्यालय हेटौंडामा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका वडा नं. ९ कित्ता नं. ८८११ र ८०६१ को क्षेत्रफल ०-०-३-० र ०-०-८.५०-० जग्गा र सो ले चर्चेको लिगलगापात समेत |

# बैंकिङ सेक्टरमा म्युचुअल फन्डको लगानी उच्च, यी हुन् रोजाइका कम्पनी

काठमाडौं, २२ फागुन/ ठूला संस्थापक सेयरधनी म्युचुअल फन्डले सबैभन्दा धेरै लगानी वाणिज्य बैंकहरुको सेयरमा गरेका छन् । म्युचुअल फन्डहरुको माघ मसान्तसम्मको तथ्यांकअनुसार कुल लगानीको ३७.५ प्रतिशत लगानी वाणिज्य बैंकहरूको सेयरमा छ ।

माघ मसान्तसम्म म्युचुअल फन्डले ५७ अर्ब २९ करोड रुपैयाँको सम्पत्ति व्यवस्थापन गरिरहेका छन् । जसमध्ये दोस्रो बजारमा ७६.१३ प्रतिशत अर्थात् ४३ अर्ब ६२ करोड रुपैयाँ बराबर लगानी गरेका छन् । त्यस्तै १६.१८ प्रतिशत अर्थात् ९ अर्ब २७ करोड रुपैयाँ नगदमा छन् । यो रकम उनीहरुले चाहेका बेला सेयर बजारमा परिचालन गर्छन् । त्यस्तै ७.६७ प्रतिशत अर्थात् ४ अर्ब ३९ करोड रुपैयाँ मुद्दती निक्षेपमा जम्मा गरेका छन् । म्युचुअल फन्डले बढीमा १५ प्रतिशतसम्म रकम मात्रै मुद्दती निक्षेपमा लगानी गर्न पाउँछन् ।

साउनदेखि माघ मसान्तसम्मको तुलनात्मक वित्तीय विवरणअनुसार म्युचुअल फन्डको कुल आकार घटेको छ । साउन मसान्तसम्म फन्डहरुको आकार ६१ अर्ब रुपैयाँ बराबर रहेको थियो । केही बन्दमुखी योजनाको समयावधि सकेर खारेजीमा गएसँगै फन्डको आकार घटेको हो । 'सिटिजन्स म्युचुअल फन्ड १' तथा 'सानिमा इक्वीटी फन्ड' हालै खारेजी भएका थिए ।

### कुन कुन सेक्टरमा कति छ लगानी ?

वाणिज्य बैंकपछि हाइड्रोपावर सेक्टरमा ११.७१, विकास बैंकमा ११.६६, जीवन बीमामा १०.५५, निर्जीवन बीमामा ९.९०, माइक्रोफाइनान्समा ८.६३ प्रतिशत लगानी गरेका छन् । बाँकी १० प्रतिशत लगानी उत्पादन, होटल तथा पर्यटन, संस्थागत फन्ड, अन्य लगायत सेक्टरमा लगानी गरेका छन् ।

### कस्ता कम्पनी छन् रोजाइमा ?

म्युचुअल फन्डमा कम्पनीहरूको अध्ययन, अनुसन्धान गर्नका लागि रिसर्च टिम खडा गरिएका हुन्छन् । सोही टिमले विभिन्न सूचकहरुलाई केलाउँछन् । रिसर्च टिमले गरेको अध्ययनअनुसार व्यवस्थापन टिमले कम्पनीहरू छनोट गर्छन् । 'म्यानेजमेन्ट टिमले निश्चित सेक्टरबाट छनोट गर्ने कम्पनीबारे रिसर्च टिमसँग समन्वय गरिरहन्छ' एक मर्चेन्ट बैंकका सीईओले भने 'मूल्य बढेर नाफा देखिएका कम्पनी बेच्ने, थप बढ्ने देखिएमा होल्ड गर्ने र घटेर औसतभन्दा तल आएका बेला किन्ने जस्ता रणनीति लिइएको हुन्छ ।' म्युचुअल फन्डले पनि सेयरबाट गरेको आम्दानीबाट इकाइधनीलाई लाभांश दिने गर्छन् ।

### माघ मसान्तसम्म म्युचुअल फन्डको होल्डिङ सेयर संख्या र लगानी रकम

कम्पनीको विश्लेषण गर्न नसक्ने तर सेयर बजारमा लगानी गर्न चाहनेका लागि म्युचुअल फन्डको रोजाइमा परेका सेयर विकल्प हुन सक्छन् । हरेक महिना म्युचुअल फन्डले आफ्नो लगानी विवरण सार्वजनिक गर्दै आएका छन् । यहीं विवरणमा कुन कम्पनीमा कति रकमको सेयर लगानी भएको छ भनेर स्पष्ट उल्लेख गरिएको हुन्छ ।

म्युचुअल फन्डले लगानी गरेका कम्पनी र लगानीको औसत मूल्य र बजार मूल्य समेत तुलना गरेर साधारण लगानीकर्ताले रणनीति बनाउन सक्ने उनले बताए । 'न्यून मूल्यमा आएकै बेला अथवा म्युचुअल फन्डको औसत लागतभन्दा तल झरेको अवस्थामा ती कम्पनीको सेयर किन्नेले नोक्सानी ब्यहोर्न पर्दैन' उनले भने ।

म्युचुअल फन्डले कुनै कम्पनीको भाउ घट्नेजस्तो देखेमा स्टप लस गर्ने वा एभरेजिङ गर्नेगरी तयारी अवस्थामा रहन्छन् । 'सर्वसाधारणले त्यहीं कम्पनी म्युचुअल फन्डले बेचेका बेला टुप्पोमा किन्ने, घटेका बेला एभरेजिङ गर्न नसक्ने हो वा झन् डराएर बेच्ने हो भने त नोक्सानी पनि हुन सक्छ' उनले भने ।

लगानीकर्ता सुवासचन्द्र ढुंगाना म्युचुअल फन्डको होल्डिङ सेयर र उनीहरुले तत्कालै गरिरहेको कारोबारअनुसार सर्वसाधारणले लगानी रणनीति बनाउन सक्ने बताउँछन् । 'म्युचुअल फन्डले खरिद गरेको औसत प्रतिइकाइ मूल्य थाहा भएपछि, बजारमा सोभन्दा तल झरेको अवस्थामा खरिद उपयुक्त हुन सक्छ' उनले भने ।

*(स्रोत: अनलाइनखबर)*


## माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

**हेटौंडाबाट छुट्ने समय**
बिहान : ७:३० बजे
बिहान : १०:०० बजे
दिउँसो : १:३० बजे

**सिन्धुलीबाट छुट्ने समय**
बिहान: ९:०० बजे
दिउँसो : २:३० बजे
दिउँसो : १२:१५ बजे

**चकमकेबाट छुट्ने**
बिहान : ६:०० बजे
विहान : ९:०० बजे

**नोट** :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना